# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७ | काठमाडौं | आइतबार, २७ वैशाख २०८३ | Prabhab National Daily | Sunday, 10 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


कांग्रेस सभापति थापाको उद्घोष

## राष्ट्रियताका मुद्दामा सरकारलाई साथ, लोकतन्त्रविरोधी काम गरे प्रतिरोध



राष्ट्रियताका मुद्दामा कांग्रेसले यो पार्टी त्यो पार्टी कहिल्यै भन्दैन । लोकतन्त्रभित्र रहेर गरिने सुधारका कार्यमा सरकारलाई हाम्रो पूरा सहयोग रहन्छ, तर लोकतन्त्रको स्थानमा लहडतन्त्र स्थापना गर्ने प्रयास गरिए प्रतिरोध गरिन्छ ।

◆ **गगन थापा**
**सभापति, नेपाली कांग्रेस**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राष्ट्रियताका मुद्दामा सरकारलाई आफ्नो पार्टीको साथ र सहयोग रहने बताएका छन् । पार्टी केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले शनिबार धनगढीमा आयोजना गरेको 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय' सुदूरपश्चिम प्रदेशस्तरीय भेलामा उनले शासन र अर्थतन्त्रमा सुधार तथा राष्ट्रिय हितका विषयमा सरकारलाई पूरा सहयोग रहने बताएका हुन् । लोकतन्त्रका आधारभूत पक्षमाथि हुने गलत काम भने स्वीकार्य नहुने उनले प्रस्ट पारे ।

'राष्ट्रियताका मुद्दामा कांग्रेसले यो पार्टी त्यो पार्टी कहिल्यै भन्दैन,' उनले भने, 'लोकतन्त्रभित्र रहेर गरिने सुधारका कार्यमा अहिलेको सरकारलाई हाम्रो पूरा सहयोग रहन्छ, तर लोकतन्त्रको स्थानमा लहडतन्त्र स्थापना गर्ने प्रयास गरिए प्रतिरोधका लागि तयार छौं ।'

सभापति थापाले लोकतन्त्रमा कानुनी वैधता नहेरेर नैतिक वैधतालाई हेर्नुपर्नेमा जोड दिए । 'हिजो कांग्रेस सरकारमा रहँदा संवैधानिक परिषद्मा आफ्नो अनुकूलताको निर्णय गराउन तत्कालीन उपसभामुखमाथि महाअभियोग प्रस्ताव लगाउन तयारी गरिएको थियो । हामीसँग संख्या र आधार पनि थिए, तर पनि महाअभियोगको विपक्षमा उभियौं,' उनको भनाइ थियो ।

सभापति थापाले नेता कार्यकर्तालाई पराजित मानसिकता त्यागेर आ-आफ्नो जिम्मेवारीअनुसार संगठनको काममा लाग्न निर्देशन दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

प्रधानन्यायाधीश सिफारिसमा मल्लको असन्तुष्टि

# न्यायालयलाई 'आज्ञाकारी' बनाउन खोजेको आरोप

- ⏭ न्यायालयमाथिको हस्तक्षेप बढाउने प्रयास भएको आरोप
- ⏭ प्रधानन्यायाधीश सिफारिस गर्दा विधि र परम्पराको हत्या
- ⏭ सरकारको स्वार्थप्रेरित कार्यहरु निरंकुशताको झझल्को
- ⏭ संविधानवाद र संवैधानिक नैतिकताभन्दा माथि कोही नहुने तर्क




■ **जेबी योञ्जन**

**काठमाडौं–** संवैधानिक परिषद्बाट भएको प्रधानन्यायाधीश नियुक्तिको सिफारिसप्रति न्यायालयभित्रैबाट असन्तुष्टि पोखिएको छ । विधि र परम्परा मिचेर परिषद्ले चौथो वरीयताका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेकोप्रति चौतर्फी आलोचना भइरहँदा न्यायालयभित्रको असन्तुष्टि सार्वजनिक भएको हो ।

सर्वोच्च अदालतकी कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले शनिबार सार्वजनिकरूपमा खुलेरै यसबारे असन्तुष्टि पोखेकी छन् । कानुन दिवसका अवसरमा सर्वोच्चले आयोजना गरेको कार्यक्रममा उनले यस्तो असन्तुष्टि पोखेकी हुन् । न्यायालयमाथि सरकारले हस्तक्षेप बढाउने प्रयास गरेको आरोप उनले लगाइन् ।

संवैधानिक परिषद्ले प्रधानमन्त्री वालेन्द्र शाहको प्रस्तावमा बिहीबार चौथो वरीयताका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । जबकि, हाल वरीयताको पहिलो नम्बरमा कायममुकायम प्रधानन्यायाधीश मल्ल रहेकी छन् । परिषद्को अध्यक्षसमेत रहेका प्रधानमन्त्री शाहले मुद्दा फर्स्योटको संख्यालाई आधार देखाएर शर्मा नै प्रधानन्यायाधीशका लागि सबैभन्दा योग्य र सक्षम रहेको दाबी गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा



विधि र वैधानिक परम्पराको हत्या गरेर गरिने स्वार्थप्रेरित कार्यहरूले निरंकुशताको झझल्को पनि दिन्छ । डर र प्रभावमा न्याय सम्भव छैन । चाहे त्यो दुईतिहाइ सरकारको डर नै किन नहोस्, चाहे त्यो महाअभियोगको डर नै किन नहोस् ।

■ **सपना प्रधान मल्ल**
**कायममुकायम प्रधानन्यायाधीश**



विधिद्वारा स्थापित पद्धति र परम्पराको पालना तथा कार्यान्वयनमा तलमाथि हुन थाल्यो भने त्यसको प्रतिकूल प्रभावले मानव समाज भयभीत हुन थाल्दछ । कानुन दोषीका लागि भय र निर्दोषका लागि आशा, भरोसा र सहारा हुनुपर्छ ।

■ **रामचन्द्र पौडेल**
**राष्ट्रपति**

उपसभामुख ठाकुरको प्रस्टीकरण

## कार्यक्षमताको आधारमा सिफारिस



**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतको प्रधानन्यायाधीश सिफारिसमा गरेको हस्ताक्षरलाई लिएर आफ्नै पार्टी श्रम संस्कृतिका अध्यक्ष हर्क साम्पाङले खेद प्रकट गरेपछि प्रतिनिधिसभाकी उपसभामुख रुबीकुमारी ठाकुरले जवाफ फर्काएकी छन् ।

उनले प्रधानमन्त्री वालेन्द्र शाहकै शैलीमा निर्णय कार्यक्षमता र योग्यताका आधारमा मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश सिफारिस गरिएको दाबी गरेकी छन् । उनले शनिबार सामाजिक सञ्जाल फेसबुकमा लेख्दै भनिन्, 'प्रधानन्यायाधीश नियुक्ति कार्यक्षमता मूल्यांकनका आधारमा गरिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## 'सुरक्षित र मर्यादित आप्रवासनका पक्षमा नेपाल प्रतिबद्ध'

- ⏭ दोस्रो अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा मञ्चको बहसमा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाको सम्बोधन
- ⏭ सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन प्रवर्द्धनप्रति नेपाल प्रतिबद्ध रहेको भनाइ
- ⏭ करिब ४० लाख नेपाली आप्रवासी श्रमिकले श्रम गरेको मुलुकको अर्थतन्त्र तथा नेपालको विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख
- ⏭ अनियमित आप्रवासन, मानव बेचबिखन, श्रम शोषण तथा समन्वय अभावजस्ता चुनौतीको समाधानका लागि अन्तर्राष्ट्रिय सहकार्यमा जोड

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन प्रवर्द्धनप्रति नेपाल प्रतिबद्ध रहेको बताएका छन् ।

संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा शनिबार भएको दोस्रो अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा मञ्चको बहसमा उनले सुरक्षित एवं व्यवस्थित आप्रवासनमा जोड दिँदै आएको नेपाल प्रमुख श्रम आपूर्तिकर्ता राष्ट्रका भएकाले सुरक्षित र मर्यादित आप्रवासनका पक्षमा दृढ रहेको बताए ।

संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले करिब ४० लाख नेपाली आप्रवासी श्रमिकले श्रम गरेको मुलुकको अर्थतन्त्र तथा नेपालको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गरे । विप्रेषण, सीप र ज्ञान हस्तान्तरणमार्फत आप्रवासी नेपालीले नेपालको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेका उनले बताए ।

उनले भर्ती प्रणाली, लैंगिक उत्तरदायी आप्रवासन नीति, सीप विकास, मानव बेचबिखन नियन्त्रण, सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत सामाजिक सुरक्षाको व्यवस्था र भर्ती सेवाको 'डिजिटल' प्रणालीकरणलगायत क्षेत्रमा नेपालले सुधारका विभिन्न पहल अघि बढाएको जानकारी दिए ।

राजदूत थापाले अनियमित आप्रवासन, मानव बेचबिखन, श्रम शोषण तथा समन्वय अभावजस्ता चुनौती विद्यमान रहेका उल्लेख गर्दै ती समस्याको समाधानका लागि अन्तर राष्ट्रिय सहकार्य र साझा जिम्मेवारी आवश्यक भएकामा जोड दिए ।

## वैदेशिक रोजगारीको विज्ञापन 'श्रम संसार एप'मा पनि राख्नुपर्ने

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा जाने श्रमिकको माग गरी प्रकाशन गरिने विज्ञापन श्रम संसार एपमा पनि प्रकाशन गर्नुपर्ने भएको छ । वैदेशिक रोजगार विभागले शुक्रबार सूचना जारी गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सञ्चालित उक्त एपमा पनि अनिवार्यरूपमा विज्ञापन प्रकाशन गर्न भनेको छ ।

हाल इजाजतप्राप्त संस्थाले कामदारको मागको विज्ञापन नेपाली भाषामा प्रकाशन हुने राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्दै आएका छन् । वैदेशिक रोजगार नियमावली २०६४ को नियम १४ बमोजिम म्यानपावरहरूले सात दिनको म्याद राखेर विज्ञापन प्रकाशन गर्नुपर्ने प्रावधान छ । अब भने पत्रिकामा छापिएपछि सोही विज्ञापन श्रम संसार पोर्टलमा पनि राख्नुपर्ने भएको छ ।

पत्रिकामा प्रकाशन गरेको विज्ञापनका आधारमा रोजगारी खोज्दै जाँदा म्यानपावरमा त्यसको 'डिमाण्ड' नै नहुने, फ्रि-भिसा भनेर छापिएका विज्ञापनमा पनि श्रमिकबाट पनि लाखौं शुल्क उठाउनेलगायतको गुनासो विभागमा पर्दै आएको छ । यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्न विभागले सरकारी पोर्टलमा पनि सोही विज्ञापनलाई अनिवार्य राख्नुपर्ने प्रावधान कार्यान्वयनमा ल्याएको बताइएको छ ।

## कम्बोडियामा रहेका अधिकांश नेपाली भिसाविहीन

■ **प्रभाव संवाददाता**

**काठमाडौं (प्रस)–** कम्बोडियामा रहेका अधिकांश नेपालीहरूको भिसा समाप्त भएको पाइएको छ । थाइल्याण्डस्थित नेपाली दूतावासको सम्पर्कमा आएकामध्ये ७६.३ प्रतिशतको भिसा समाप्त भएको पाइएको हो । दूतावासले २७.३ प्रतिशतकोमात्र भिसा अवधि बाँकी रहेको पाइएको जनाएको छ ।

दूतावासले नेपालीहरूको अवस्थाबारे जानकारी संकलन गर्ने उद्देश्यले अनलाइन फाराम सार्वजनिक गरेको थियो । शुक्रबारसम्म २११ जनाले सो फाराम भरेका छन्, जसमा नौ जना महिला रहेका जनाइएको छ । उनीहरू सन् २०२२ मे महिनादेखि २०२६ मे महिनासम्मको अवधिमा कम्बोडिया पुगेकाहरू हुन् ।

संकलित प्रारम्भिक विवरणका अनुसार त्यहाँ पुगेकामध्ये ५६.४ प्रतिशत पर्यटकीय भिसामा गएकाहरू छन् । २४.२ प्रतिशत व्यावसायिक र १४.७ प्रतिशत रोजगारी भिसामा गएकाहरू रहेका छन् । विवरण भर्नेमध्ये ५३.६ प्रतिशतसँग साथमा राहदानी नभएकाले ट्राभल डक्युपमेन्ट आवश्यक रहेको भनेका छन् भने ४६.४ प्रतिशतले भने साथमा राहदानी भएको भनेका छन् । सम्पर्कमा आएका अधिकांशले साथीभाइ तथा इष्टमित्रसँग बसिरहेको जनाएका छन् । चिनजानको व्यक्तिसँग बसिरहेकाहरू ७७ प्रतिशत तथा इमिग्रेसन या प्रहरीको नियन्त्रणमा रहेकाहरू २३ प्रतिशत छन् ।

यसबाहेक २७ जना नेपालीहरू विभिन्न अभियोगमा कारागारमा थुनामा छन् । पुर्पक्षका क्रममा स्थानीय भाषा जान्ने वकिल आवश्यक पर्ने जनाएको छ । दूतावासका अनुसार उक्त मुलुक गएकाहरूले दुईदेखि आठ लाखसम्म बुझाएको पाइएको छ । नेपाल फर्किनेहरूलाई यहाँ आइपुग्नासाथ बबरमहलस्थित नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा उजुरी दर्ता गरेर दोषीउपर कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउन अनुरोधसमेत गरेको छ ।

शुक्रबार २५ जनालाई नेपाल फर्काइएको छ । यस वर्ष कम्बोडियाबाट ४०० जना फर्किएको जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा




# स्रोतमै वर्गीकरण गरेपछि घट्यो बञ्चरेडाँडा लैजाने फोहोर

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले स्रोतमा फोहोरको वर्गीकरण गर्ने कार्यलाई प्रभावकारीरूपमा कार्यान्वयन ल्याएसँगै अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडा लैजाने फोहोरको मात्रा घटेको छ ।

कामपाको वातावरण व्यवस्थापन विभागकी प्रमुख सरिता राईका अनुसार बञ्चरेडाँडाको आयु बढाउनका लागि कामपाले स्रोतमा फोहोरको वर्गीकरण र व्यवस्थापनको कार्य थालनी गरेको हो । अहिले कामपाबाट दैनिक १५ ट्रक फोहोर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको उनले जानकारी दिइन् । यसअघि वर्गीकरणविना सबै फोहोर लैजाँदा कामपाबाट दैनिक २० ट्रक अन्तिम व्यवस्थापनस्थल जाने गरेको थियो ।

फोहोर वर्गीकरण गर्दा सहरी सरसफाइ सेवालाई प्रभावकारी बनाउँदै आयआर्जन हुन सक्ने ठाउँमा आयमूलक कार्यक्रमलाई प्राथमिकता दिन थालिएको प्रमुख राईले बताइन् । कामपाले घरेलु फोहोरलाई व्यवस्थितरूपमा विसर्जन गर्न ३२ वटा वडालाई सात क्षेत्रमा विभाजन गरेको छ ।

हरेक क्षेत्रमा एक/एक वटा फोहोरमैला स्थानान्तरण केन्द्र राखेर सुक्खा फोहोर व्यवस्थापनका लागि 'मेटेरियल रिकभरी' सुविधा सञ्चालन गर्ने लक्ष्य राखिएको वातावरण व्यवस्थापन विभागकी प्रमुख राईले उल्लेख गरिन् । उनका अनुसार आय ठेक्का कार्यविधि, २०७९ बमोजिम प्रतिस्पर्धीमध्येबाट क्षेत्र न १ का लागि वडा नम्बर २, ३, ४, ५ र ७ पर्छन् ।

त्यस्तै, क्षेत्र नम्बर २ मा वडा नम्बर १, ११, २८, २९ र ३० पर्छन् भने क्षेत्र नम्बर ३ मा ६, ८ र ९ पर्छन् । क्षेत्र नम्बर ४ मा वडा नम्बर १६, १७ र २६ र क्षेत्र नं ५ मा वडा नम्बर १३, १४ र १५ तोकिएको वातावरण व्यवस्थापन विभागकी प्रमुख राईले जानकारी दिइन् । उनका अनुसार वडा नम्बर १०, ३१ र ३२ समेटेर क्षेत्र नम्बर ६ तोकिएको छ । बाँकी रहेका अन्य वडा क्षेत्र नं सातका लागि तोकिएको उनको भनाइ छ ।

फोहोरमैलालाई स्रोतमा वर्गीकरण गरिँदै मात्रा न्यूनीकरण गर्न, पुनःप्रयोग, पुनःचक्रीय प्रयोग र विसर्जन कार्यलाई क्षेत्रगत आधार व्यवस्थापन गर्न सहज हुनुका साथै सोका लागि फोहोरमैला संकलन र ढुवानीसम्बन्धी कार्यविधि, २०८१ जारी गरेर कार्यान्वयनमा ल्याइएको छ । यसमा सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रसँग सेवा खरिद गरेर वा आय ठेक्काको प्रक्रियाबाट समुदायमा भएको फोहोरमैला संकलन ढुवानी गर्न कार्यविधि जारी गरिएको कामपाको वातावरण व्यवस्थापन विभागले जनाएको छ । *रासस*

# नीलगिरिमा सेनाको खोज तथा उद्धार अभ्यास

**मुस्ताङ–** यहाँस्थित नेपाली सेनाको इन्द्रबक्स गणले नीलगिरि हिमालजस्तो उचाइमा प्रतिकूल मौसम र हिमपातका कारण हुनसक्ने प्राकृतिक विपद्को समयमा गर्नुपर्ने खोज तथा उद्धारको अभ्यास गरेको छ । नीलगिरि हिमनदी उचाइमा अवस्थित रहेकाले सम्भावित प्राकृतिक विपद्मा गर्नुपर्ने खोज तथा उद्धार अभ्यास आयोजना गरिएको इन्द्रबक्स गणले जनाएको छ ।

इन्द्रबक्स गणद्वारा आयोजित अभ्यासको अन्तिम दिन शुक्रबार मुस्ताङको घरपझोङ गाउँपालिका–५ ड्रमक्याम्पमाथिको नीलगिरि हिमालको फेदीमा खोज तथा उद्धार अभ्यास सम्पन्न गरिएको हो । प्रतिकूल मौसम, हिमपातकालगायत प्राकृतिक विपद्मा नीलगिरिसहित हिमनदीमा केही फसेमा तत्काल उद्धारका लागि अभ्यास आयोजना गरिएको इन्द्रबक्स गणका प्रमुख सेनानी गौरवध्वज खाँडले बताए । उनका अनुसार इन्द्रबक्स गण, सैनिक उच्चशिखर शिक्षालय र मनाङको भैरव गुल्मका सैनिकले खोज तथा उद्धारको नमूना अभ्यास गरेका हुन् ।

प्रमुख सेनानी खाँडका अनुसार मुस्ताङ र मनाङका ५५ जनाभन्दा बढीले हिमाली क्षेत्रमा आइपर्ने प्राकृतिक विपद्सम्बन्धी खोज तथा उद्धार अभ्यासमा सहभागिता जनाएका हुन् । उनले २३ नं बाहिनी अड्डा बागलुङका बाहिनीपति सहायकरथी विजय केशीको उपस्थितिमा समुद्री सतहबाट चार हजार ३०० मिटर उचाइमा अवस्थित नीलगिरि हिमनदीको खोचमा अभ्यास गरेको जानकारी दिए । अभ्यासस्थलमा सैनिक उच्चशिखर शिक्षालयका महासेनानी सुशील प्याकुरेल र इन्द्रबक्स गणका गणपति प्रमुख सेनानी खाँडसहितको उपस्थिति थियो । *रासस*

पृष्ठ १ बाट क्रमशः

## न्यायालयलाई...

उनको अर्को तर्क शर्मा कुनै राजनीतिक दलनिकट नरहेको भन्ने छ । प्रधानमन्त्री शाहले शर्मालाई प्रधानन्यायाधीश बनाउनकै लागि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएका थिए । बोलाइसकेको संसद् बैठक स्थगित गरेर अध्यादेश ल्याउनुको औचित्य उनले प्रधानन्यायाधीश सिफारिसमा पुष्टि गरेको भन्दै चर्को आलोचना भइरहेको छ ।

कानुन दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री शाह अनुपस्थित थिए । राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख डोलप्रसाद अर्याल र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल उपस्थित कार्यक्रममा मल्लले प्रधानमन्त्री शाहलाई लक्षित गर्दै भनिन्, 'यो न्यायालयमाथि हस्तक्षेप बढाउने प्रयास हो ।'

प्रधानन्यायाधीश सिफारिसको निर्णयपछि पहिलोपटक सार्वजनिक रूपमा बोलेकी मल्लले कडा शब्दमा सरकारको आलोचना गरिन् । 'संविधान, संविधानवाद र संवैधानिक नैतिकताभन्दा माथि कोही पनि छैन, कोही पनि हुन सक्दैन,' उनले भनिन्, 'कतै अख्तियारी र विधिको प्रयोगको बहानामा संवैधानिक सर्वोच्चता, स्वतन्त्रता र न्यायको सार्वभौमसत्तामा यसका आधारहरू र प्रत्याभूतिहरू शिथिल र अर्कमण्य बनाएर आज्ञाकारी न्यायपालिकाको र कानुनी राज्यको असमान प्रयोगको जग बसाल्न त प्रयास भइरहेको छैन ?'

'आज्ञाकारी न्यायपालिका' बनाउन प्रयास भइरहेको हो कि भन्ने मल्लको आशंकायुक्त अभिव्यक्तिले न्यायपालिकाको स्वतन्त्रतामाथि कार्यपालिकाको हस्तक्षेपबारे गम्भीर बहस जन्माएको छ । यसबाहेक मल्लले न्यायपालिकालाई स्वार्थपूर्तिको माध्यम बनाउन खोजिएको आरोपसमेत लगाइन् । 'न्यायको अन्तिम गन्तव्य बनाउनुको साटो आफ्नै स्वार्थहरूको संरक्षण गर्न मुकुण्डो बनाउने कुत्सित प्रयासमा त लागिरहेका छैनौं ?,' उनले सरकारप्रति प्रश्न गरिन् ।

उनले चेतावनी दिँदै भनिन्, 'विधि र वैधानिक परम्पराको हत्या गरेर गरिने स्वार्थप्रेरित कार्यहरूले निरंकुशताको झझल्को पनि दिन्छ ।' न्यायाधीशहरूलाई डर र दबाबबाट मुक्त भएर काम गर्न उनले आग्रह गरिन् । 'डर र प्रभावमा न्याय सम्भव छैन । चाहे त्यो दुईतिहाइ सरकारको डर नै किन नहोस्, चाहे त्यो महाअभियोगको डर नै किन नहोस्,' उनले भनिन्, 'डर र भयबाट मुक्त भई अदम्य साहसका साथ अघि बढ्न म सम्पूर्ण न्यायकर्मीलाई यहीँबाट आह्वान गर्न चाहन्छु ।'

मल्लले प्रधानन्यायाधीश सिफारिसको विषयतर्फ लक्षित गर्दै संविधान उल्लंघन गर्ने प्रवृत्तिलाई समयमै रोक्न नसके त्यसको दुष्परिणाम सबैले भोग्नुपर्ने चेतावनी दिइन् । 'एउटालाई खाने बाघले अर्कोलाई नखाला भन्न सकिँदैन,' उनले भनिन्, 'संविधानलाई यथास्थितिमा राखेर संविधानको विरुद्धमा गरिने काम क्रान्ति वा परिवर्तन हुन सक्दैन ।'

प्रधानन्यायाधीश सिफारिसमा जसरी प्रधानमन्त्री शाहले स्थापित परम्परा, विधि र संविधानको मर्ममाथि प्रहार गरेको भन्दै आलोचना भयो, यसबारे उनी मौन छन् । बरु, शनिबार आफ्नो नयाँ 'लुक्स'को तस्बिर सामाजिक सञ्जालमा राखेर ध्यान मोड्ने प्रयास गरे । यससँगै प्रधानमन्त्री शाह कानुन दिवसमा सहभागी नहुनुलाई कतिपयले 'असहज परिस्थिति टार्ने प्रयास'को रूपमा अर्थ्याएका छन् ।

यसैबीच, राष्ट्रपति पौडेलले घुमाउरो शैलीमा विधि र पद्धतिभन्दा माथि कोही नहुने बताएका छन् । 'विधिद्वारा स्थापित पद्धति र परम्पराको पालना तथा कार्यान्वयनमा तलमाथि हुन थाल्यो भने त्यसको प्रतिकूल प्रभावले मानव समाज भयभीत हुन थाल्दछ,' उनले भने, 'कानुन दोषीका लागि भय र निर्दोषका लागि आशा, भरोसा र सहारा हुनुपर्छ ।'

प्रधानन्यायाधीश सिफारिस विवादसँगै न्यायपालिका र कार्यपालिकाबीच तनाव उत्पन्न हुने देखिएको छ । शुक्रबार सर्वोच्च अदालत खुलेको दुई घण्टापछि मात्रै मुद्दाहरूको पेसी तोकियो तर कायममुकायम प्रधानन्यायाधीश मल्ल र प्रधानन्यायाधीश सिफारिस भएका शर्माको तोकिएन । यसलाई कार्यपालिकाको नेतृत्व गरेका प्रधानमन्त्री शाह र हाल मल्ल नेतृत्वको न्यायापालिकाबीचको स्पष्ट द्वन्द्वको रूपमा व्याख्या गरिएको छ ।

बिहीबार बसेको संवैधानिक परिषद् बैठकमा प्रधानमन्त्री शाहले बहुमतको भरमा वरिष्ठताको रोलक्रममा चौथो नम्बरमा रहेका शर्मालाई प्रधानन्यायाधीश सिफारिस गरेका थिए । अहिले शर्माविरुद्ध उजुरी आह्वान भएको छ । अर्कोतिर, सबै विपक्षी दल, पूर्वप्रधानन्यायाधीश तथा पूर्वप्रधानमन्त्री सुशीला कार्की, नेपाल बार एसोसिएसनदेखि स्वतन्त्र बुद्धिजीवीहरूले प्रधानमन्त्री शाहको कदमको विरोध गरेका छन् । यहीबीच कायममुकायम प्रधानन्यायाधीश मल्लले पनि असन्तुष्टि पोखेकी हुन् ।

प्रमुख विपक्षी नेता भीष्मराज आङ्देम्बेका अनुसार संवैधानिक परिषद् बैठकमा प्रधानमन्त्री शाहले प्रधानन्यायाधीशमा पहिलो वरियताकी सपना प्रधान मल्ललाई छाडेर चौथो वरीयताका डा. मनोजकुमार शर्मालाई प्रस्ताव गर्दा उपसभामुख ठाकुर प्रतिक्रियाविहीन बनेकी थिइन् । त्यो प्रधानमन्त्री वालेन्द्रको प्रस्तावमा मौन समर्थन थियो । यसपछि आफ्नै पूर्वपार्टी अध्यक्ष साम्पाङले विरोध गरे । प्रत्युत्तरमा रुबीले कार्यक्षमताको आधारमा प्रधानन्यायाधीश सिफारिस गरेको भन्दै आफ्नोमात्रै होइन, प्रधानमन्त्री वालेन्द्रको पनि बचाउ गरिन् ।

■■■

## कार्यक्षमताको..

यसमा कुनै किन्तु-परन्तुको आवश्यकता छैन ।' उपसभामुख ठाकुरले न्याय प्रणालीप्रति जनतामा लामो समयदेखि असन्तुष्टि रहेको उल्लेख गरेकी छन् । 'न्याय प्रणालीबारे धेरै समयदेखि जनता गुनासो गर्दै आइरहेका छन्, हाम्रो मुद्दा यति वर्ष लगाइयो, उति वर्ष लगाइयो भनेर । एउटा मुद्दाको फैसला हुन अत्यधिक समय लाग्नु न्याय प्रणालीका लागि गम्भीर विषय हो ।'

ठाकुरले प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया दलगत प्रभावभन्दा कार्यक्षमता र योग्यताका आधारमा हुनुपर्ने धारणा पनि व्यक्त गरेकी छन् । 'जब नियुक्ति कार्यक्षमता र योग्यताको आधारमा नभई दल वा पार्टीको आधारमा हुन्छ, त्यसको परिणाम पनि त्यस्तै देखिन थाल्ने छ,' उनले भनिन् ।

श्रम संस्कृति पार्टीका अध्यक्ष साम्पाङले शुक्रबार विज्ञप्ति जारी गर्दै वरिष्ठता, परम्परा र विधि मिचेर प्रधानन्यायाधीश सिफारिस गर्ने निर्णयमा हस्ताक्षर गरेको भन्दै खेद प्रकट गरेका थिए । 'हाम्रै पार्टीबाट जानुभएको उपसभामुखलेसमेत वरीयताको क्रमलाई उल्लंघन गरेर गरिएको निर्णयमा हस्ताक्षर गर्नु खेदजनक छ,' उनले भनेका थिए, 'यसरी विधिलाई मिचेर राजनीतिलाई अघि सार्ने चलनको सदासर्वदा श्रम संस्कृति पार्टी विरोध गर्दछ ।'

■■■

## राष्ट्रियताका मुद्दामा...

गत वैशाख २१ को निर्वाचनमा पार्टीका उम्मेदवारलाई असहयोग गर्ने नेता कार्यकर्तालाई जिम्मेवारीमुक्त गरिने पनि उनले बताए ।

पार्टीका उपसभापति एवं प्रशिक्षण प्रतिष्ठानका संयोजक विश्वप्रकाश शर्माले नवीन ऊर्जाका साथ पार्टीलाई सम्हालेर अघि बढ्ने समय आएको बताए । उनले भने, 'अब कांग्रेसले नयाँ ढंगले सोच्नुपर्ने समय आएको छ । अब पार्टीमात्र होइन, समाजलगायत सबैलाई सम्हालेर साझा संगठन बनाउने जिम्मेवारी आएको छ ।'

महामन्त्री गुरुराज घिमिरेले पार्टीभित्र कसैप्रति कुनै आग्रह पूर्वाग्रह नराखेर पार्टी संगठन एकीकृत र सुदृढ पार्दै अघि बढ्ने बताए । पार्टीमा कुनै अवसर नपाएर किनाराकृत गरिएका क्षमतावान् र निष्ठावन् नेता कार्यकर्ताको उचित मूल्यांकन गरिने पनि उनको भनाइ थियो ।

कार्यक्रममा कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलका नेता एवं मुख्यमन्त्री कम( लबहादुर शाहले पार्टील( ाई एक ढिक्का बनाएर लिनुपर्नेमा जोड दिए । उनले पार्टीमा महत्त्वपूर्ण योगदान गरेका पू( र्वसभापति शेरबहादुर देउवालगायत नेताको सम्मानजनक अवस्थाका लागि ध्यान दिन पार्टी नेतृत्वलाई आग्रह गरे ।

नेपाली कांग्रेस कैलालीका कार्यवाहक सभापति खेमराज चौधरीको सभापतित्वमा भएको कार्यक्रममा सहमहामन्त्री प्रकाश रसाइली स्नेहीले भेलाको औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा पार्टीका सहमहामन्त्रीद्वय उदयशमशेर राणा, योगेन्द्र चौधरी, विभिन्न जिल्लाका सभापतिलगायत नेताहरूले सम्बोधन गरेका थिए । दुईदिने उक्त कार्यक्रममा पार्टीको तर्फबाट प्रदेशसभा र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिसँग विविध विषयमा छलफल गर्न लागिएको जानकारी दिइएको छ ।

■■■

## कम्बोडियामा...

नेपाल फर्किनेहरूलाई कनेक्टिङ फ्लाइट भएको टिकटमात्र लिन पनि दूतावासले आग्रह गरेको छ । यस्तो टिकट लिँदा ट्राञ्जिट हुने मुलुकको भिसा आवश्यक नपर्ने र यात्रा केही सहज हुने दूतावासको भनाइ छ ।

विभिन्न उद्देश्यले पछिल्लो तीन वर्षमा कम्बोडिया भ्रमणमा जानेहरूको संख्या २१ हजारभन्दा बढी रहेको जनाइएको छ । कम्बोडियाको पर्यटनसँग सम्बन्धित तथ्यांकअनुसार सन् २०२१ यता त्यहाँ जाने नेपालीहरूको संख्या बर्सेनि बढेको छ । सन् २०२१ मा १०१ जना नेपालीहरू भ्रमण भिसामा उक्त मुलुक गएका थिए । त्यसपछि २०२२ मा एक हजार ९७७ गएको तथ्यांक छ । त्यस्तै, २०२३ मा दुई हजार ९४०, २०२४ मा छ हजार ४०४ र २०२५ मा नौ हजार ६७६ जना गएको पाइन्छ । भिजिट भिसामा गएकाहरू धेरैजसो लुकिछिपी रोजगारी गरिरहेको हुनसक्ने अनुमान गरिएको छ ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८३/०१/२७ गते**

यस कम्पनीको मिति २०८२/०९/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **यासेस एस्सिलेन्स कन्सल्टेन्सी सेन्टर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एब्रोट गेट प्रा.लि. (प्रा.लि.नं. ३६९६१९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०८२/१२/१८ मा दर्ता भएको प्रा.लि.नं. १२४६२७ को **क्वालिटि शाइन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### युएइमा रोजगार

कम्पनी : STARFORCE LABOUR SUPPLY LLC

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341730 | चलानी नं. ६०२५५१४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT BRICK MASON | 10 | 0 | 1200 | ४९,३६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ASSISTANT CARPENTER | 10 | 0 | 1200 | ४९,३६० | | | | | | | |
| 3 | ASSISTANT REINFORCE FITTER | 10 | 0 | 1200 | ४९,३६० | | | | | | | |
| 4 | ASSISTANT STONE MASON | 10 | 0 | 1200 | ४९,३६० | | | | | | | |
| 5 | Labour | 10 | 0 | 1200 | ४९,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ३ गते (17th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, Kalyan thapa: 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २७ वैशाख, २०८३

| | |
|---|---|
| **मेष** | आज नयाँ कामको सुरुवातका लागि दिन राम्रो रहनेछ । आत्मविश्वास बढ्नेछ र पारिवारिक साथ मिल्नेछ । |
| **वृष** | आर्थिक पक्ष मजबुत बन्ने संकेत छ । बोलीमा संयमता अपनाउँदा सम्बन्ध राम्रो रहनेछ । |
| **मिथुन** | काममा व्यस्तता बढ्न सक्छ । साथीभाइसँगको भेटघाटले मन प्रसन्न बनाउनेछ । |
| **कर्कट** | स्वास्थ्यप्रति सचेत रहनु राम्रो हुनेछ । अधुरा काम पूरा हुने सम्भावना छ । |
| **सिंह** | मान-सम्मान प्राप्त हुने दिन छ । नयाँ अवसरले उत्साह थप्नेछ । |
| **कन्या** | शिक्षा र अध्ययनमा प्रगति हुनेछ । यात्राको सम्भावना पनि देखिन्छ । |
| **तुला** | व्यापार तथा रोजगारीमा लाभ मिल्ने संकेत छ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **वृश्चिक** | धैर्यताका साथ काम गर्दा सफलता हात पर्नेछ । अनावश्यक विवादबाट टाढा रहनुहोस । |
| **धनु** | मनमा सकारात्मक ऊर्जा रहनेछ । साथीहरूको सहयोगले काम सहज बन्नेछ । |
| **मकर** | खर्च बढ्न सक्ने भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस् । शुभ समाचार प्राप्त हुन सक्छ । |
| **कुम्भ** | नयाँ योजना अघि बढाउने समय अनुकूल छ । सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ । |
| **मीन** | भाग्यले साथ दिने दिन रहेको छ । प्रेम र पारिवारिक सम्बन्ध अझ मधुर बन्नेछन् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२७ वैशाख, २०८३ (१० मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.०८ | १५१.६८ |
| युरो | १ को | १७८.०५ | १७८.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०६.०४ | २०६.८६ |
| स्विस फ्रैन्क | १ को | १९४.२० | १९४.९७ |
| अस्ट्रेलियन डलर | १ को | १०९.७० | ११०.१३ |
| क्यानाडियन डलर | १ को | १११.०९ | १११.५३ |
| सिङगापुर डलर | १ को | ११९.२६ | ११९.७३ |
| जापानी येन | १० को | ९.६९ | ९.७३ |
| चिनियाँ युआन | १ को | २२.१८ | २२.२७ |
| साउदी अरब रियाल | १ को | ४०.२७ | ४०.४३ |
| कतारी रियाल | १ को | ४१.४५ | ४१.६१ |
| थाई भाट | ख १ को | ४.७१ | ४.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१४ | ४१.३० |
| मलेसियन रिङेट | १ को | ३८.४९ | ३८.६४ |
| दक्षिण कोरियन वन | १०० को | १०.४७ | १०.५१ |
| स्विडिस क्रोनर | १ को | १६.४५ | १६.५१ |
| डेनिस क्रोनर | १ को | २३.८३ | २३.९२ |
| हङकङ डलर | १ को | १९.२८ | १९.३६ |
| कुवेती दिनार | १ को | ४९३.२४ | ४९५.२० |
| बहराइन दिनार | १ को | ४००.०० | ४०१.५९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**मह काढ्दै** | मनाङको मर्स्याङ्दी गाउँपालिका–४ स्थित स्याँगे झरनाको भीरमा मह काढ्दै मिप्रा गाउँका स्थानीय । *तस्बिरः रासस*

# बुद्धका शिक्षासँग जेनेभा महासन्धिको सम्बन्धबारे जेनेभामा उच्चस्तरीय विमर्श

■ प्रभाव संवाददाता



**काठमाडौं–** संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संगठनहरूका लागि जेनेभास्थित नेपालको स्थायी नियोगले शुक्रबार बुद्ध पूर्णिमाका अवसरमा 'बुद्ध, जेनेभा महासन्धि र विश्व शान्ति' विषयमा उच्चस्तरीय छलफल आयोजना गरेको छ । त्यस अवसरमा बुद्धका अहिंसा, करुणा, सचेतना तथा शान्तिपूर्ण सहअस्तित्वसम्बन्धी शिक्षाले युद्ध सीमित गर्ने र मानव सुरक्षामा केन्द्रित जेनेभा महासन्धिको मानवीय मूल्यमान्यतासँग पूरक सम्बन्ध राख्ने विचार वक्ताहरूले व्यक्त गरेका थिए ।

उक्त नियोगले जारी गरेको प्रेस विज्ञप्तिअनुसार जेनेभास्थित प्याले दे नेसन्समा आयोजित कार्यक्रममा नेपालका स्थायी प्रतिनिधि राजदूत रामप्रसाद सुवेदी, स्वीस महासंघको संघीय विदेश मामिला विभागअन्तर्गत एसिया-प्रशान्त महाशाखाका प्रमुख मार्कस लाइट्नर, मंगोलियाकी स्थायी प्रतिनिधि दावासुरेन गेरेल्मा, थाइल्याण्डकी स्थायी प्रतिनिधि उसाना बेरानान्दा, अन्तर ाष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट महासंघ (आइएफआरसी)का महासचिव जगन चापागाईं, शान्तिका लागि विश्वविद्यालय (युपिस)का स्थायी पर्यवेक्षक डेभिड फर्नाण्डेज पुयाना, अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसी) की अन्तर्राष्ट्रिय कानुन नीति तथा अभिलेख निर्देशक इभा स्वोबोडा तथा जेनेभा ग्राजुएट इन्स्टिच्युटकी निर्देशक मेरी-लउरे साल्सले बुद्धका उपदेशबारे आ-आफ्नो धारण व्यक्त गरेका थिए ।

राजदूत लाइट्नरले विश्वमा शान्ति कायम गर्न बुद्धले गरेको योगदानको स्मरण गर्दै नेपाल-स्वीट्जरल्याण्डबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पुगेको र दुई देशबीचको मित्रता एवं सहकार्य सघन भएको बताए ।

साथै बंगलादेश, भुटान, कम्बोडिया, भारत, लाओस, मेक्सिको, सिंगापुर, श्रीलंका, भियतनाम, नर्वे तथा पाकिस्तानका प्रतिनिधिहरूले पनि बुद्धका उपदेशबारे धारणा राखेका थिए । कार्यक्रममा स्वीट्जरल्याण्ड सरकार, विभिन्न अन्तर्राष्ट्रिय संगठन, शैक्षिक क्षेत्र, नागरिक समाज तथा सरोकार भएका अन्य निकायका प्रतिनिधिसहित १०० जनाभन्दा बढीको उपस्थिति थियो ।

उक्त कार्यक्रमले नेपाल-स्वीट्जरल्याण्डबीचको ७० वर्षे कूटनीतिक सम्बन्ध, बुद्धका शिक्षासँग जेनेभा महासन्धिको अन्तरसम्बन्ध तथा लुम्बिनी र जेनेभाबीचको सम्बन्धलाई पुनः जोड्ने अवसर प्रदान गरेको विज्ञप्तिमा जनाइएको छ ।

ट्राफिक प्रहरीको अभियान

# अकासेपुल र जेब्राक्रसिङको प्रयोग गर्न आग्रह

**काठमाडौं–** काठमाडौं उपत्यकामा बढ्दो सवारी चापसँगै पैदलयात्रुको असावधानीका कारण सडक दुर्घटनाको जोखिम बढ्न थालेपछि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले विशेष ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

व्यस्त सडक क्षेत्रमा जथाभावी बाटो काट्ने प्रवृत्ति नियन्त्रण गर्दै सर्वसाधारणलाई सुरक्षितरूपमा सडक पार गर्न प्रेरित गर्ने उद्देश्यले शुक्रबारदेखि उक्त अभियान सुरु गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । राजधानीका मुख्य सडकहरूमा अकासेपुल र जेब्राक्रसिङको प्रयोग नगरी बीचबाटै बाटो काट्ने पैदल यात्रुको संख्या बढ्दै जानुका साथै यसले दुर्घटनाको जोखिममात्रसहित सवारी व्यवस्थापनमासमेत चुनौती थपिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले बताए ।



उनले भने, 'काठमाडौंका व्यस्त सडकमा पैदलयात्रुले जथाभावी बाटो काट्दा दुर्घटनाको सम्भावना अत्यधिक बढेको छ । नागरिकको सुरक्षालाई ध्यानमा राख्दै ट्राफिक प्रहरीले विशेष सचेतना कार्यक्रम सञ्चालन गरेको हो । हाम्रो उद्देश्य कारबाहीभन्दा पनि जनचेतना अभिवृद्धि गर्नु हो ।'

ट्राफिक प्रहरीले जमल, घण्टाघर, सुन्धारा, भद्रकाली, तीनकुने, सिनामंगललगायत उपत्यकाका अत्यधिक भीडभाड हुने क्षेत्रमा विशेष निगरानीसहित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । ती स्थानमा खटिएका ट्राफिक प्रहरीले अकासेपुल प्रयोग नगरी सडक पार गर्न खोज्ने पैदलयात्रुलाई रोकेर सुरक्षित तरिकाले सडक पार गर्ने अभ्यास सिकाइरहेका छन् । अभियानअन्तर्गत 'ट्राफिक नियमको पालना गरौं, सुरक्षित यात्रा सुनिश्चित गरौं' तथा 'अकासेपुल र जेब्रा क्रसबाट बाटो काटौं' भन्ने नारासहित सर्वसाधारणलाई जानकारीमूलक सन्देश प्रवाह गर्न थालिएको ट्राफिक प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरीले माइकिङ, पर्चा वितरण तथा प्रत्यक्ष संवादमार्फत नागरिकलाई सचेत बनाउने काम गरिरहेको जनाएको छ । ट्राफिक प्रहरीका अनुसार विशेषगरी मोबाइल फोन प्रयोग गर्दै वा हतारमा सडक पार गर्ने क्रममा धेरै पैदल यात्रु दुर्घटनामा पर्ने गरेका छन् । यसलाई न्यूनीकरण गर्न ट्राफिक प्रहरीले समय-समयमा विद्यालय, कलेज तथा सार्वजनिकस्थलमासमेत सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

सडक सुरक्षा विज्ञहरूले पनि पैदलयात्रु स्वयं सचेत नभएसम्म दुर्घटना न्यूनीकरण चुनौतीपूर्ण रहने बताएका छन् । उनीहरूका अनुसार सडक पूर्वाधार निर्माणसँगै नागरिकको व्यवहारमा परिवर्तन ल्याउन आवश्यक छ । अकासेपुल, जेब्रा क्रस तथा ट्राफिक संकेतहरूको प्रयोगलाई संस्कारकै रूपमा विकास गर्नुपर्नेमा जोड दिइएको छ ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयले आगामी दिनमा पनि यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ । साथै, ट्राफिक नियम उल्लंघन गरी जोखिमपूर्ण ढंगले सडक पार गर्ने पैदलयात्रुलाई आवश्यक परे कारबाहीसमेत गरिने चेतावनी दिएको छ ।

राजधानीमा बढ्दो सवारीसाधन र व्यस्त सडक व्यवस्थापनलाई सुरक्षित बनाउन ट्राफिक प्रहरीको यो अभियान प्रभावकारी हुने अपेक्षा गरिएको छ । नागरिकले पनि आफ्नो सुरक्षाका लागि ट्राफिक नियमको पालना गर्दै अकासेपुल र जेब्राक्रसको अनिवार्य प्रयोग गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । *रासस*

# विपद् जोखिम न्यूनीकरणका लागि प्रहरी तयारी अवस्थामा

**काठमाडौं–** जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन आगामी जेठ १८ गतेदेखि प्रारम्भ हुने अनुमान गरेको छ । आगामी असोज १४ सम्म रहने मनसुनमा मुलुकका अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने विभागको पूर्वानुमान छ ।

मनसुनजन्य विपद्का कारण मुलुकमा बर्सेनि ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । विपद्को वार्षिक आँकडाका आधारमा सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो एक दशकमा मनसुनजन्य विपद्बाट मुलुकभर तीन हजार ७४ जनाको मृत्यु भएको छ । ती घटनामा परी ५०२ जना बेपत्ता, चार हजार ७६९ जना घाइते तथा ३३ हजार १९८ घरपरिवार प्रभावित भएका छन् ।

गत वर्षमात्रै बाढी, पहिरो, भारी वर्षा र चटचाङबाट १४० जनाको मृत्यु, ३० बेपत्ता, ३०० जना घाइते तथा पाँच हजार ९९५ परिवार प्रभावित भएका थिए । जटिल भू-संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपाल बहुप्रकोपको उच्च जोखिममा छ ।

मनसुनजन्य विपद्को जोखिम तथा क्षति न्यूनीकरण गर्ने उद्देश्यले प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना परिमार्जन गरी कार्यान्वयनमा ल्याउने तयारी गरेको छ । कार्ययोजनाको मस्यौदालाई पूर्णता दिन आगामी सोमबार सरोकार भएकाहरूसँग छलफल गर्न लागिएको प्राधिकरणका निर्देशक रामबहादुर केसीले जानकारी दिए ।

मनसुनजन्य विपद्सँग जुध्न नेपाल प्रहरीसहितका सुरक्षा संगठनले पूर्वतयारी र प्रतिकार्यलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका छन् । केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्ले उपलब्ध साधनस्रोतको उच्चतम प्रयोग गर्दै मौसमजन्य विपद् प्रतिकार्यका लागि पूर्वतयारीका सम्पूर्ण कार्य भइसकेको बताउँछन् । 'विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न दक्ष र स्रोतसाधनयुक्त प्रहरी कर्मचारीलाई तयारी अवस्थामा राखेका छौं । पहिरो जाने सम्भावित क्षेत्रको पहिचान गरिएको छ । विपद्बाट राष्ट्रिय राजमार्ग अवरोध नहोस् भनेर सतर्कता अपनाएका छौं,' उनले भने ।

प्रहरीले हाल विभिन्न माध्यमबाट नागरिकलाई सम्भावित विपद्बारे सुसूचित गराइरहेको छ । बाढीपहिरो तथा भत्केका संरचनामा फसेका नागरिकको उद्धार, आगलागी नियन्त्रणलगायत विपद् प्रतिकार्यसम्बन्धी पूर्वाभ्यास भइसकेका छन् । प्रहरी नायब महानिरीक्षक काफ्लेले प्रहरीका तल्ला युनिटसम्म सम्भावित विपद्को पहिचान र प्रतिकार्यको तयारी तथा त्यसका लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन भइसकेको बताए । 'नागरिकलाई ढुक्क हुन सक्ने अवस्था सिर्जना गरेका छौं । सबै प्रदेशमा उद्धार तथा राहत सामग्री पुगिसकेका छन् । जिल्ला सुरक्षा समितिले विगतमा भएका विपद्जन्य घटनाको अभिलेखका आधारमा यस वर्ष हुनसक्ने सम्भावित क्षेत्रको पहिचान गरेको छ,' उनले भने ।

विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले शुक्रबार बूढानीलकण्ठ नगरपालिका कपनस्थित केन्द्रीय विशेष कार्यदलमा 'आइए ड्रिल,' हतियार खोल जोड अभ्यास तथा बन्धक बनाइएका व्यक्तिहरूको उद्धारको नमूना अभ्यास प्रदर्शनी गरेको थियो । सोही कार्यक्रममा विपद् प्रतिकार्य तथा तालिम केन्द्रको टोलीले अग्नि नियन्त्रण तथा उद्धार अभ्यास, विपद् सामग्रीको प्रदर्शनी तथा विपद् तयारी सम्बन्धमा विशेष प्रस्तुति दिएको थियो । *रासस*


## ओमनमा रोजगार

कम्पनी : AL GHAILANI AL ASRIYA TRADING LLC

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341822 | चलानी नं. ६०२५५१३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Cook | 1 | 0 | 150 | ५८,९४८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cafe Waiter | 1 | 0 | 140 | ५५,०१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३ गते (17th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार

कम्पनी : LARSEN & TOUBRO LIMITED ECC CONSTRUCTION GROUP ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 331304 | चलानी नं. ६०२४५०९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 30 | 0 | 1300 | ५३,५५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Mason | 25 | 0 | 1300 | ५३,५५५ | | | | | | | |
| 3 | Asst. Steel Fixer | 25 | 0 | 1300 | ५३,५५५ | | | | | | | |
| 4 | Cleaner General | 5 | 0 | 1000 | ४१,१९५ | | | | | | | |
| 5 | Helper | 30 | 0 | 1000 | ४१,१९५ | | | | | | | |
| 6 | Office Boy | 2 | 0 | 1000 | ४१,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा मितिः २०८३ जेठ ३ गते (17th May 2026) मा हुनेछ ।
मिर्चया टेक्निकल एण्ड ट्रेनिङ सेन्टर, मिर्चयामा मितिः २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।
आइकनिक मल्टिपल ट्रेनिङ सेन्टर, नेपालगञ्जमा मितिः २०८३ जेठ ६ गते (20th May 2026) मा हुनेछ ।
संस्थाको मुख्य कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ७ गते (21st May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी : MEWISH CONTRACTING CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341770 | चलानी नं. ६०२५५१४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vicale Driver | 14 | 0 | 1800 | ७२,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३ गते (17th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

## श्री एभरेष्ट डिष्टिलरी उद्योग

दुर्गा भगवती गा.पा.१ रौतहट

सम्पर्क नम्बर ९८४५५२१०७७

मूल्य सुची सम्बन्धी सूचना

*प्रकाशित मिति २०८३/०१/२७ गते, आइतबार*

आ.व.२०८२/०८३ को लागि यस उद्योगद्वारा उत्पादित मदिराहरू नेपाल अधिराज्यभरि विक्री वितरण गर्नका लागि मिति २०८३ को वैशाख १६ गतेदेखि लागू हुने गरी निम्नानुसारको मूल्य कायम गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | साइज | शक्ति | नेशनल डिष्ट्रिव्युटर प्रति कार्टुन | नेशनल डिष्ट्रिव्युटर कमिशन प्रति कार्टुन | डिष्ट्रिव्युटर प्रति कार्टुन | डिष्ट्रिव्युटर कमिशन प्रति कार्टुन | होलसेल प्रति कार्टुन | होलसेल कशिन प्रति कार्टुन | रिटेलर प्र कार्टुन | रिटेलर कमिशन प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति बोटल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनमोल | ३०० एम.एल. | ७० यु.पी. | ११०० | ५ | ११०५ | १५ | ११२० | २५ | ११४५ | ३८५ | १५३० | ५१ |

माथि उल्लेखित मूल्य सुचीमा ७० यु.पी.मदिरामा मु.अ.कर तथा अन्त शुल्क र अन्य कर समावेश गरिएको छ ।
यस उद्योगसँग आर्थिक कारोबार गर्दा यस उद्योगको बैंक खाता वाहेक अन्य कसैसँग आर्थिक कारोवार गर्दा यस उद्योगलाई मान्य हुने छैन ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## हजारौंको बास खोसिएपछि डोजर नचलाउन आदेश !

**काठमाडौंका नदी किनार र सार्वजनिक जग्गामा दशकौंदेखि बसोबास गर्दै आएका सुकुमबासी एवं अव्यवस्थित बसोबासीका घर-टहरामाथि डोजर चलाउने सरकारी कदमलाई सर्वोच्च अदालतले रोक्न आदेश दिएको छ । न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेको संयुक्त इजलासले उचित प्रक्रिया र वैकल्पिक व्यवस्थाविना कसैलाई पनि बासस्थानबाट नहटाउन दिएको अन्तरिम आदेशले कानुनी राज्यको मर्मलाई केही हदसम्म जीवित राखेको छ । तर, यो आदेश त्यतिबेला आएको छ, जब थापाथलीदेखि मनोहरासम्मका हजारौं परिवारका छत खोसिएर उनीहरू खुला आकाशमुनि पुगिसकेका छन् ।**

**भनिन्छ, 'न्यायमा ढिलाइ हुनु न्याय नदिनुसरह हो' । सर्वोच्चको यो आदेश सुकुमबासीका हकमा ढिलो गरी आएको औषधिजस्तो भएको छ । सरकारले वैशाख १२ गतेदेखि सुरु गरेको डोजर अभियानले हजारौंको बिचल्ली बनाइसकेपछि अदालतको ढोका खुल्नुले पीडितहरू न्यायबाट वञ्चित भएको महसुस गरेका छन् । यदि यो आदेश भत्काउने प्रक्रिया सुरु हुनुअघि नै आएको भए, नागरिकको आवासको हक र राज्यको सार्वजनिक जग्गा संरक्षण गर्ने दायित्वबीच एउटा सन्तुलित निकास निस्कन सक्थ्यो ।**

**सरकारको मुख्य कमजोरी नै 'विनातयारीको बल प्रयोग' हो । सार्वजनिक जग्गा खाली गर्ने नाममा नागरिकलाई कुनै विकल्प नदिई सडकमा पछार्नु लोकतान्त्रिक सरकारको चरित्र हुन सक्दैन । विस्थापितहरूलाई अहिले विभिन्न 'होल्डिङ सेण्टर'मा राखिएको छ, तर उनीहरूको स्थायी व्यवस्थापन कसरी र कहाँ हुन्छ भन्नेमा सरकार अझै मौन र अन्योलमा छ। आवासमात्र होइन, ती बस्तीमा आश्रित बालबालिकाको शिक्षा र बिरामीको स्वास्थ्यमा परेको अपूरणीय क्षतिले ठूलो मानवीय संकट निम्त्याएको छ ।**

**दुईतिहाइको शक्तिशाली जनमतसहित बनेको सरकारले आफ्नो शक्ति र 'हुर्मत' भूमिहीन गरिबमाथि देखाउनु विडम्बनापूर्ण छ । राज्यको शक्ति पहुँचवाला र भू-माफियाहरूले कब्जा गरेका जग्गा फिर्ता ल्याउन केन्द्रित हुनुपर्नेमा उल्टै समाजको सबैभन्दा तल्लो तहका मानिसहरूमाथि जाइलाग्नु सरकारकै लागि प्रत्युत्पादक बन्न सक्छ । गरिबका झुपडी भत्काएर 'सुशासन' को नारा लगाउनु सामाजिक न्यायको उपहास हो ।**

**अब सरकारले अदालतको आदेशलाई शिरोधार्य गर्दै विस्थापितहरूको तत्काल पुनःस्थापना गर्नुपर्छ । वास्तविक सुकुमबासीको पहिचान गर्ने र उनीहरूलाई मर्यादित बसोबासको ग्यारेण्टी गर्ने कार्यमा ढिला गर्नु हुँदैन । विकास र मानवीयता एक-अर्काका विरोधी होइनन्, बरु पूरक हुनुपर्छ । डोजरको आतंकले होइन, कानुनको उचित पालना र मानवीय व्यवस्थापनलेमात्र यो जटिल समस्याको दीर्घकालीन समाधान सम्भव छ । अन्यथा, सडकमा पुऱ्याइएका नागरिकको आक्रोशले सरकारलाई महँगो मूल्य चुकाउनुपर्ने हुन सक्छ ।**

### श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# मध्यपूर्वको शक्ति सन्तुलन र बदलिँदो कूटनीति



❑ मोहनकुमार दाहाल

> आजको जटिल अन्तर ाष्ट्रिय सम्बन्धलाई केवल सतहीरूपमा वा एकपक्षीय धारणा बनाएर बुझ्ने प्रयास गर्दा वास्तविकता प्रायः विकृत हुन्छ । उदाहरणका लागि इरान र संयुक्त राज्य अमेरिकाबीचको सम्बन्धलाई मात्र 'शत्रुता' भनेर बुझ्नु पर्याप्त हुँदैन, किनभने यसमा इतिहास, अर्थतन्त्र, क्षेत्रीय शक्ति सन्तुलन, र वैचारिक टकराव सबै समेटिएका छन् । त्यसैले कुनै पनि विषयलाई बुझ्दा एकभन्दा बढी कोणबाट हेर्नु अनिवार्य हुन्छ । मुस्लिम विश्वभित्रको सिया-सुन्नी विभाजनलाई पनि यही सन्दर्भमा हेर्नुपर्छ ।

विश्वराजनीतिलाई गहिराइमा बुझ्नका लागि 'बहुपक्षीय दृष्टिकोण, ऐतिहासिक सन्दर्भ र तथ्य-आधारित विश्लेषण' अत्यन्त आवश्यक आधारहरू हुन् । आजको जटिल अन्तर्राष्ट्रिय सम्बन्धलाई केवल सतहीरूपमा वा एकपक्षीय धारणा बनाएर बुझ्ने प्रयास गर्दा वास्तविकता प्रायः विकृत हुन्छ । उदाहरणका लागि इरान र संयुक्त राज्य अमेरिकाबीचको सम्बन्धलाई मात्र 'शत्रुता' भनेर बुझ्नु पर्याप्त हुँदैन, किनभने यसमा इतिहास, अर्थतन्त्र, क्षेत्रीय शक्ति सन्तुलन, र वैचारिक टकराव सबै समेटिएका छन् । त्यसैले कुनै पनि विषयलाई बुझ्दा एकभन्दा बढी कोणबाट हेर्नु अनिवार्य हुन्छ ।


मुस्लिम विश्वभित्रको सिया-सुन्नी विभाजनलाई पनि यही सन्दर्भमा हेर्नुपर्छ । यसको सुरुवात सक्किफाको विवादपछि नेतृत्व कसले गर्ने भन्ने प्रश्नबाट भएको थियो । प्रारम्भमा यो धार्मिक नेतृत्वको विषय भए पनि समयसँगै यसले राजनीतिक र भूराजनीतिक रूप लियो । आजको अवस्थामा सिया-सुन्नी विभाजन केवल धार्मिक मतभेद होइन, बरु विभिन्न राष्ट्रहरूको शक्ति, प्रभाव, र रणनीतिक स्वार्थसँग जोडिएको विषय बनेको छ । यही कारणले गर्दा इरान र साउदी अरेबियाबीचको प्रतिस्पर्धा धार्मिकभन्दा बढी क्षेत्रीय नेतृत्वको प्रश्नसँग सम्बन्धित छ ।

इस्लामको प्रारम्भिक इतिहासमा फर्केर हेर्ने हो भने, सिया-सुन्नी विभाजनको बीजारोपण नबी मुहम्मदको मृत्युपछि खलीफाको चयनको प्रश्नमा भएको देखिन्छ । सन् ६३२ मा नबीको निधनपछि मदिनामा भएको सक्किफा (बनी सक्किफाको छानो) को बैठकमा अबु बकरलाई पहिलो खलीफा चुनिएको थियो, जबकि अली इब्न अबी तालिब र उनका समर्थकहरूले नबीको परिवारबाटै नेतृत्व आउनुपर्छ भन्ने धारणा राख्थे । यो प्रारम्भिक राजनीतिक मतभेदले पछि इस्लामिक इतिहासको धारलाई नै विभाजित गरिदियो । उमयचद वंश (६६१-७५०) र त्यसपछि अब्बासीद वंश (७५०-१२५८) को शासनकालमा यो विभाजनले संस्थागत रूप लिँदै गयो, जहाँ शासकहरूले आफ्नो राजनीतिक वैधता स्थापित गर्न धार्मिक आख्यानहरूको प्रयोग गरे ।

सियाहरूले इमामतको अवधारणालाई अगाडि सार्दै अली र उनका वंशजहरूलाई आध्यात्मिक र राजनीतिक नेताको रूपमा हेरे, जबकि सुन्नीहरूले निर्वाचित खलीफाको परम्परालाई निरन्तरता दिए । समयसँगै धार्मिक व्याख्या, न्यायशास्त्र, र सांस्कृतिक पहिचानमा समेत भिन्नता विकसित हुँदै गयो, तर यी सबैको आधार राजनीतिक शक्ति र त्यसको वैधताको प्रश्न नै रह्यो । यसैले यो विभाजनलाई केवल धार्मिक सिद्धान्तको भिन्नताभन्दा पनि राजनीतिक इतिहासको उपजको रूपमा बुझ्न आवश्यक छ ।

सन् १९७९ को इरानी इस्लामिक क्रान्तिले मध्यपूर्वको शक्ति संरचनामा ठूलो परिवर्तन ल्यायो । आयतोल्लाह रूहोल्लाह खोमेनीको नेतृत्वमा शाह मोहम्मद रजा पहलवीको राजतन्त्र अन्त्य भई इस्लामिक गणतन्त्र स्थापना भएपछि इरानले आफूलाई पश्चिमी प्रभावको विरोधी शक्तिको रूपमा प्रस्तुत गर्न थाल्यो । खोमेनीले प्रतिपादन गरेको 'विलायत-ए-फकीह' (इस्लामिक न्यायविद्को संरक्षकत्व)को सिद्धान्तले धार्मिक नेतृत्वलाई प्रत्यक्ष राजनीतिक शक्तिमा रूपान्तरित गऱ्यो, जुन यसअघिको इस्लामी राजनीतिक विचारधारामा एउटा नयाँ मोड थियो । यस क्रान्तिले इरानलाई सुन्नी-बहुल मध्यपूर्वको ठूलो शक्तिको रूपमा स्थापित गऱ्यो, जसले साउदी अरेबियाको परम्परागत नेतृत्वलाई चुनौती दियो ।

इरानले आफ्नो क्रान्तिकारी विचारधारालाई क्षेत्रभर निर्यात गर्ने नीति अघि साऱ्यो, जसले लेबनान, इराक, सिरिया, यमन र बहराइनजस्ता देशहरूमा स्थानीय सिया समुदायहरूमार्फत प्रभाव विस्तारको रणनीति विकास गऱ्यो । यो प्रभाव विस्तारको सबैभन्दा प्रभावकारी रणनीति बन्यो 'प्रोक्सी नेटवर्क' (सहायक शक्तिहरूको सञ्जाल) को प्रयोग । इरानले लेबनानको हिजबुल्लाह, इराकको हसद अल-शाबी, सिरियाको सरकारी सेनाको सहयोगी मिलिसियाहरू र यमनको हौथी विद्रोहीहरूलाई सैन्य, आर्थिक र प्राविधिक सहयोग पुऱ्याउँदै आफ्नो रणनीतिक गहिराइ बढायो । यसले इरानलाई प्रत्यक्ष सैन्य टकरावको भारी मूल्य नतिरी, आफ्ना भूराजनीतिक विरोधीहरूको परिधिमा



अस्थिरता सिर्जना गर्ने र आफ्नो कूटनीतिक सौदा-क्षमता बढाउने अवसर दियो । सन् २००३ मा अमेरिकी नेतृत्वमा इराकमा सद्दाम हुसेनको शासन ढालेपछि इराकमा जनसांख्यिकरूपमा बहुल सिया समुदायले राजनीतिक सत्ता हातमा लियो, जुन इरानका लागि एउटा ऐतिहासिक भूराजनीतिक सफलता थियो । यसले इरानलाई आफ्नो पश्चिमी सिमानामा एउटा मित्रवत् सरकारमात्र दिएन, तर सिरियासम्म पुग्ने भूसांस्कृतिक र रणनीतिक सडक पनि खोलिदियो, जसलाई 'सिया क्रिसेन्ट' (सियाली अर्धचन्द्राकार) भनिन्छ ।

अर्कोतर्फ, साउदी अरेबियाले आफूलाई सुन्नी इस्लामको रक्षक र दुई पवित्र मस्जिदहरू (मक्का र मदिना) को संरक्षकको रूपमा स्थापित गऱ्यो। साउदी राज्यको अस्तित्व नै मुहम्मद इब्न अब्दुल वहाबको वहाबी इस्लामको धार्मिक व्याख्यासँग जोडिएको छ, र यसले इरानको विस्तारवादी दाबीलाई आफ्नो धार्मिक र राजनीतिक अस्तित्वकै लागि खतराको रूपमा देख्यो । यो प्रतिस्पर्धा दुई देशबीचको 'शीतयुद्ध'को रूपमा विकसित भयो, जहाँ सिरिया, यमन, इराक, बहराइन र लेबनान युद्धको मैदान बने ।

साउदी नेतृत्वमा रहेको सुन्नी गठबन्धनले इरानको प्रभावलाई रोक्न सक्रिय भूमिका खेल्यो । सन् २०१५ मा साउदी अरेबियाले यमनमा हुथी विद्रोहीहरूविरुद्ध सैन्य हस्तक्षेप गऱ्यो, जसलाई व्यापकरूपमा इरानसँगको क्षेत्रीय प्रतिस्पर्धाको हिस्साको रूपमा हेरियो । यस प्रतिस्पर्धामा संयुक्त राज्य अमेरिकाको भूमिका निर्णायक रह्यो । साउदी अरेबिया, कतार र संयुक्त अरब इमिरेट्सले अमेरिकासँगको सुरक्षा साझेदारीलाई आफ्नो राष्ट्रिय सुरक्षाको आधारस्तम्भ बनाए । अमेरिकी सैन्य उपस्थिति, हतियारको निर्यात र तेलको आपूर्ति सुरक्षाको सुनिश्चितता यस सम्बन्धको मेरुदण्ड हो ।

तर यी खाडी देशहरूले आफ्नो परराष्ट्र नीतिलाई पूर्णरूपमा अमेरिकाको अधीनमा राखेका छैनन् भन्ने तथ्य पनि उत्तिकै महत्त्वपूर्ण छ । उदाहरणका लागि कतारले अमेरिकी सैनिक अड्डा राखेको बावजुद, हमास र तालिबानजस्ता समूहहरूसँगको कूटनीतिक सम्बन्ध कायम राखेर, र इरानसँग विशाल ग्यास क्षेत्र साझा गर्दै, सन्तुलनको कूटनीति अपनाएको छ। संयुक्त अरब इमिरेट्सले पनि इरानसँग व्यापारिक सम्बन्धलाई प्राथमिकता दिएको छ, जसले यी सम्बन्धहरू केवल एकध्रुवीय नभई बहुआयामिक र राष्ट्रिय हितमा आधारित रहेको देखाउँदछ । सन् २०२३ मा चीनको मध्यस्थतामा इरान र साउदी अरेबियाबीच कूटनीतिक सम्बन्ध पुनर्स्थापना हुनुले पनि यी देशहरूले आफ्नो रणनीतिक स्वार्थअनुसार बहुध्रुवीय दृष्टिकोण अपनाइरहेको स्पष्ट गर्दछ ।

पाकिस्तानको भूराजनीतिक अवस्थितिले यस जटिल समीकरणमा अर्को महत्त्वपूर्ण कोण थप्छ । शीतयुद्धको समयमा पाकिस्तानले अमेरिकी नेतृत्वमा रहेको सेन्टो र सिटोजस्ता सैन्य गठबन्धनमा आबद्ध भएर सोभियत संघको विस्तारवादलाई रोक्न भूमिका खेल्यो । अफगानिस्तानमा सोभियत आक्रमणपछि (सन् १९७९), पाकिस्तानको अन्तरसेवा प्रतिष्ठान (आइएसआई) र अमेरिकी केन्द्रीय गुप्तचर संस्था (सिआइए)बीचको सहकार्यले मुजाहिदीनलाई हतियार र प्रशिक्षण दिने एउटा व्यापक संयन्त्र विकास गऱ्यो । यस सहकार्यले पाकिस्तानलाई अमेरिकी सैन्य र आर्थिक सहायताको प्रमुख प्राप्तकर्ता बनायो, तर यसको अर्थ पाकिस्तानको परराष्ट्र नीति स्थिर र एकपक्षीय छ भन्ने होइन । अफगानिस्तानबाट सोभियत फिर्ता भएपछि र शीतयुद्ध समाप्त भएपछि, पाकिस्तान र अमेरिकाबीचको सम्बन्धमा उतारचढाव आयो । पाकिस्तानको आणविक कार्यक्रमका कारण अमेरिकी प्रतिबन्धहरू, र नाटो सेनाहरू अफगानिस्तानमा रहँदा पनि द्विपक्षीय सम्बन्धमा तनाव कायमै रह्यो ।

यस पृष्ठभूमिमा पाकिस्तानले चीनसँगको आफ्नो 'अखण्ड मित्रता'लाई थप गहिरो बनायो । चीन-पाकिस्तान आर्थिक गलियारा (सिपिइसी) यस रणनीतिक सम्बन्धको सबैभन्दा ठोस उदाहरण हो, जसले पाकिस्तानलाई चीनको विशाल आर्थिक र रणनीतिक परियोजनाको केन्द्रबिन्दु बनायो । पाकिस्तानले आफ्नो राष्ट्रिय हित, विशेषगरी भारतसँगको रणनीतिक सन्तुलन र आर्थिक विकासको आवश्यकतालाई मध्यनजर गर्दै, 'सन्तुलन कूटनीति' अपनाएको छ । यसले उसलाई एकैसाथ अमेरिकी सुरक्षा सहायता, चिनियाँ लगानी र खाडी देशहरूसँगको आर्थिक सम्बन्धलाई समायोजन गर्न सहयोग पुऱ्याएको छ । पाकिस्तानको यो बहुआयामिक कूटनीतिले देखाउँदछ कि सिया-सुन्नी विभाजनको राजनीतिलाई प्रभावित गर्ने शक्तिहरू केवल धार्मिक वा वैचारिकमात्र नभई राष्ट्रिय सुरक्षा र अर्थतन्त्रका जटिल आवश्यकताहरूसँग पनि जोडिएका छन् ।

अफगानिस्तानको प्रकरणले यस क्षेत्रको राजनीति बुझ्नका लागि आन्तरिक र बाह्य दुवै कारकहरूको जटिल अन्तरसम्बन्धलाई उजागर गर्दछ । सन् १९७३ मा मोहम्मद दाउद खानले राजा जाहिर शाहलाई सैन्य बलको प्रयोग गरी सत्ताच्यूत गर्नु भनेको विशुद्ध आन्तरिक राजनीतिक परिवर्तन थियो, जुन अफगान समाजमा विद्यमान आधुनिकीकरण, साम्प्रदायिक असन्तोष र सैन्य अभिजात वर्गको महत्त्वाकांक्षाको परिणति थियो । यसपछि सन् १९७८ मा साउर क्रान्ति (अप्रिल क्रान्ति) भयो, जहाँ पिपुल्स डेमोक्रेटिक पार्टी अफ अफगानिस्तान (पिडिपिए) ले सत्ता हातमा लियो । यो पनि आन्तरिक वैचारिक द्वन्द्व र सोभियत संघको बढ्दो प्रभावको परिणाम थियो । तर सन् १९७९ मा सोभियत संघको सैन्य हस्तक्षेपले अफगानिस्तानलाई शीतयुद्धको एउटा प्रमुख रंगमञ्चमा परिणत गऱ्यो । अमेरिकाले पाकिस्तानमार्फत मुजाहिदीन समूहहरूलाई स्टिङर मिसाइलजस्ता अत्याधुनिक हतियारसहितको सहायता उपलब्ध गरायो । यो सहायता सोभियत संघलाई 'भियतनामको चपेटा'मा फसाउने अमेरिकी रणनीतिको हिस्सा थियो ।

तर अफगानिस्तानको द्वन्द्वलाई केवल बाहय हस्तक्षेपले मात्र व्याख्या गर्न सकिँदैन । मुजाहिदीन समूहहरूको आन्तरिक विविधता, अफगान समाजमा विद्यमान जातीय र कबायली गठबन्धन, र स्थानीय शक्ति संरचनाहरूले पनि द्वन्द्वको गतिलाई निर्धारण गरेका थिए । पछिल्लो चरणमा तालिबानको उदय, अलकायदासँगको सम्बन्ध, र अमेरिकी नेतृत्वमा भएको आक्रमणपछिको अवस्थाले अफगानिस्तानको अस्थिरता आन्तरिक र बाहय दुवै कारकको गतिशील अन्तरक्रियाको परिणाम हो भन्ने देखाउँदछ । सन् २०२१ मा अमेरिकी सेना फिर्ता भएपछि तालिबानको पुनः सत्तारोहणले पनि यो देखाउँदछ कि बाहय हस्तक्षेपले दीर्घकालीन समाधान ल्याउन सक्दैन, बरु आन्तरिक राजनीतिक र सामाजिक संरचनाले नै देशको भविष्य निर्धारण गर्दछ ।

इरान र अमेरिकाबीचको सम्बन्धलाई 'पूर्ण युद्ध' को रूपमा बुझ्नु पनि गलत हुन्छ । सन् १९५३ मा अमेरिकी र बेलायती गुप्तचर संस्थाहरूले लोकप्रिय प्रधानमन्त्री मोहम्मद मोसादेकको सरकारलाई गुप्त सैन्य कारबाही (अपरेसन अजाक्स) मार्फत अपदस्थ गरेपछि इरानमा अमेरिकाप्रतिको अविश्वासको गहिरो जरा गाडियो । सन् १९७९ को क्रान्तिपछि अमेरिकी दूतावासमा भएको बन्धक संकटले यो सम्बन्धलाई पूर्णरूपमा विच्छेद गरिदियो । त्यसयता, यो सम्बन्ध दीर्घकालीन तनाव, आर्थिक प्रतिबन्ध, सीमित सैन्य झडपहरू, र प्रोक्सी द्वन्द्वहरूको शृंखलाको रूपमा रह्यो । सन् २०१५ मा संयुक्त राष्ट्र सुरक्षा परिषद्का पाँच स्थायी सदस्य र जर्मनी (एप५+१) सँग भएको संयुक्त व्यापक कार्ययोजना एउटा ऐतिहासिक कूटनीतिक सफलता थियो, जसले इरानको आणविक कार्यक्रमलाई सीमित गरी प्रतिबन्धहरू हटाउने सहमति जनायो ।

तर सन् २०१८ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस सम्झौताबाट अमेरिकालाई एकपक्षीयरूपमा फिर्ता लिए र इरानमाथि 'अधिकतम दबाब'को नीति लागू गरे । यसले क्षेत्रमा तनावलाई चरम सीमामा पुऱ्यायो, जसमा अमेरिकी ड्रोनद्वारा इरानी कमाण्डर कासिम सुलेमानीको हत्या (सन् २०२०) र इरानद्वारा इराकी अड्डाहरूमा गरिएको प्रतिशोधात्मक आक्रमणजस्ता घटनाहरू समावेश छन् । तैपनि, दुवै पक्षले प्रत्यक्ष युद्धको बाटो रोजेनन् । यसको कारण दुवै पक्षले प्रत्यक्ष सैन्य टकरावको भयावह परिणामहरू, अन्तर्राष्ट्रिय समुदायको दबाब र क्षेत्रीय स्थिरतामा पर्ने असरलाई राम्ररी बुझेका छन् । यो सम्बन्ध 'पूर्ण युद्ध' होइन, तर उच्च जोखिमयुक्त 'रणनीतिक प्रतिस्पर्धा' र 'नियन्त्रित टकराव'को जटिल मिश्रण हो । यसले देखाउँदछ कि ठूला शक्तिहरूबीच पनि सीधा द्वन्द्वको सीमा निर्धारण गर्ने तत्वहरू राष्ट्रिय हित, अन्तर ाष्ट्रिय कानुन र क्षेत्रीय सन्तुलन हुन् ।

आजको विश्व बहुध्रुवीय बन्दै गएको छ, जहाँ अमेरिका, चीन र रुसजस्ता शक्तिहरूले आ-आफ्नो प्रभाव विस्तार गर्न खोजिरहेका छन् । संयुक्त राज्य अमेरिकाको विश्वव्यापी नेतृत्वमा सापेक्षिक गिरावट आएको छ भने चीनको आर्थिक र सैन्य शक्ति झनै प्रभावशाली बन्दै गएको छ । रुसले पनि सिरिया र युक्रेनजस्ता मोर्चाहरूमा आफ्नो शक्ति प्रयोग गर्दै भूराजनीतिक महत्त्वाकांक्षालाई पुनः स्थापित गर्न खोजिरहेको छ । यस्तो अवस्थामा मध्यपूर्वको द्वन्द्व, यमनको गृहयुद्ध, सिरियाको संकट वा इरानको आणविक कार्यक्रमजस्ता विषयहरू एकल शक्तिको इच्छाले मात्र समाधान गर्न सकिने विषय रहेनन् । युद्धविराम, शान्ति सम्झौता वा क्षेत्रीय स्थायित्वको कुनै पनि प्रक्रिया अब बहुपक्षीय कूटनीति, महाशक्तिहरूबीचको सहमति र क्षेत्रीय शक्तिहरू (जस्तैः साउदी अरेबिया, इरान, टर्की, र इजरायल) बीचको जटिल सन्तुलनमा निर्भर हुन्छ ।

उदाहरणका लागि, सन् २०२३ मा चीनको मध्यस्थतामा इरान र साउदी अरेबियाबीच भएको कूटनीतिक सम्बन्ध पुनर्स्थापनाले यो वास्तविकतालाई उजागर गर्दछ । यसले पश्चिमी शक्तिहरूको प्रभुत्वलाई चुनौती दिँदै एसियाली शक्तिहरूले क्षेत्रीय स्थायित्वमा बढ्दो भूमिका खेल्न थालेको संकेत गर्दछ । त्यस्तै, रुसले पनि सिरियामा आफ्नो सैन्य उपस्थितिमार्फत मध्यपूर्वको समीकरणमा आफूलाई अपरिहार्य शक्तिको रूपमा स्थापित गरेको छ । यो बहुध्रुवीय संरचनाले सिया-सुन्नी विभाजनको राजनीतिलाई पनि नयाँ आयाम दिएको छ, जहाँ धार्मिक पहिचानभन्दा माथि उठेर राष्ट्रिय र भूराजनीतिक हितहरूले प्राथमिकता पाउन थालेका छन् ।अतः साउदी अरेबिया, पाकिस्तान, कतार वा युएईजस्ता देशहरूलाई केवल 'अमेरिकी दलाल' भनेर व्याख्या गर्नु अत्यधिक सरलीकृत दृष्टिकोण हो । वास्तविकतामा यी देशहरूले आफ्नो राष्ट्रिय हितअनुसार विभिन्न शक्तिहरूसँग सम्बन्ध राख्छन् । तिनीहरूले अमेरिकासँगको सुरक्षा साझेदारीलाई जोगाइराख्दै, चीनसँग विशाल व्यापार र लगानी सम्झौता गर्छन्, र रुससँग ऊर्जा सहकार्यलाई निरन्तरता दिन्छन् । यसरी तिनीहरूले 'सन्तुलन कूटनीति' अपनाएका हुन्छन्, जहाँ तिनीहरू एक पक्षसँगको सम्बन्धलाई अर्को पक्षसँगको सम्बन्धको विकल्पको रूपमा नभई परिपूरकको रूपमा हेर्छन् ।

साउदी अरेबियाले 'भिजन २०३०' अन्तर्गत आर्थिक विविधीकरण र पश्चिमा लगानी आकर्षित गर्ने रणनीति अघि बढाएको छ, तर सोही समयमा उसले चीनसँग रणनीतिक साझेदारी पनि विस्तार गरेको छ । कतारले अमेरिकी सैन्य उपस्थितिलाई स्वीकार गर्दै हमास, तालिबान र इरानसँगको कूटनीतिक सम्बन्धलाई निरन्तरता दिएको छ । यूएईले इजरायलसँग सन् २०२० मा अब्राहम सम्झौतामा हस्ताक्षर गर्दै सामान्यीकरणको बाटो रोज्यो, तर सोही समयमा इरानसँग व्यापारिक सम्बन्धलाई पनि निरन्तरता दियो ।

यसले अन्तर्राष्ट्रिय सम्बन्धको एउटा आधारभूत सिद्धान्तलाई पुष्टि गर्दछः राष्ट्रहरूको कुनै स्थायी मित्र वा शत्रु हुँदैनन्, तिनीहरूका स्थायी हित हुन्छन् । सिया-सुन्नी विभाजनको राजनीति पनि यसै सिद्धान्तभित्र पर्दछ- धार्मिक पहिचानको प्रयोग राष्ट्रिय र क्षेत्रीय हितहरू प्राप्त गर्नका लागि गरिन्छ, र जब हितहरू परिवर्तन हुन्छन्, धार्मिक आख्यानहरू पनि लचिलो बन्न सक्छन् ।



भारतको कोलकातामा शनिबार शपथ ग्रहण समारोहमा भाग लिन आइपुग्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी (बीचमा), पश्चिम बंगाल राज्यका मुख्यमन्त्री पदमा नियुक्त शुभेन्दु अधिकारी (दायाँ) र भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष समिक भट्टाचार्य (बायाँ) भीडलाई हात हल्लाउँदै ।
*तस्बिरः एएफपी*

# हर्मुज जलसन्धि क्षेत्रमा शान्ति कायम गर्न कूटनीतिक पहल

**मस्को–** रुस र साउदी अरबका विदेशमन्त्रीहरूले हर्मुज जलसन्धि आसपासको पछिल्लो अवस्थाबारे सौहार्द्रपूर्ण छलफल गरेका छन् । रुसका विदेशमन्त्री सर्गेई लाभरोभ र साउदी अरबका विदेशमन्त्री फैसल बिन फरहान अल साउदबीच शुक्रबार टेलिफोन वार्ता भएको रूसी विदेश मन्त्रालयले जनाएको छ ।




वार्ताका क्रममा दुवै पक्षले क्षेत्रीय तनाव पुनः बढ्न नदिन विशेष ध्यान दिनुपर्नेमा जोड दिएका छन् । साथै, दीर्घकालीन र स्थायी समाधानका लागि निरन्तर कूटनीतिक संवाद र आपसी सम्पर्कलाई अघि बढाउन आवश्यक रहेको विषयमा सहमति जनाइएको छ ।

दुवै मन्त्रीले हर्मुज जलसन्धिमा पहिलेको अवस्थाजस्तै स्वतन्त्र र सुरक्षित आवागमन सुनिश्चित गर्नु अत्यन्त महत्त्वपूर्ण रहेको उल्लेख गरेका छन् । उनीहरूले फेब्रुअरीको अन्त्यअघि रहेको स्तरमा जलमार्गको सुरक्षा र सहज सञ्चालन पुनःस्थापना गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

यसका अतिरिक्त, इरान र अरब मुलुकहरूबीच सम्बन्धलाई दीर्घकालीनरूपमा सामान्य बनाउन कूटनीतिक प्रयास पुनः सक्रिय बनाउनु उपयुक्त हुने विषयमा पनि विचार आदानप्रदान गरिएको छ । क्षेत्रीय स्थायित्व र आपसी विश्वास मजबुत बनाउन संवाद नै सबैभन्दा प्रभावकारी माध्यम हुनेमा दुवै पक्ष सहमत भएका छन् ।

रुसले यस प्रक्रियामा आवश्यक परे सबै सरोकारवाला पक्षहरूको हितलाई ध्यानमा राख्दै सहजीकरण गर्न तयार रहेको पुनः स्पष्ट पारेको रूसी विदेश मन्त्रालयले जनाएको छ । हर्मुज जलसन्धि विश्व ऊर्जा आपूर्ति र अन्तर ाष्ट्रिय व्यापारका लागि अत्यन्तै महत्त्वपूर्ण रणनीतिक जलमार्ग मानिन्छ ।

यस क्षेत्रमा हुने कुनै पनि अस्थिरता वा तनावले विश्वव्यापी ऊर्जा बजारमा असर पार्ने भएकाले यसको स्थायित्वप्रति अन्तर्राष्ट्रिय समुदायले विशेष चासो राख्दै आएको छ ।

## अमेरिकी–इरान टकराव तीव्र, सुरक्षा अवस्था झनै संवेदनशील

संयुक्त राज्य अमेरिकाले हर्मुज जलसन्धि क्षेत्रमा दुई इरानी तेल ट्यांकरलाई निशाना बनाई 'निष्क्रिय' पारेको जनाएको छ । यस घटनापछि मध्यपूर्वमा तनाव झनै बढेको छ ।

अमेरिकी सेनाका अनुसार शुक्रबार इरानी सेनासँग भएको गोली हानाहानपछि उक्त ट्यांकरहरूलाई नियन्त्रण बाहिर जान नदिन कारबाही गरिएको हो । अमेरिकी सैन्य कारबाहीले ती जहाजहरूलाई सञ्चालनयोग्य नहुने अवस्थामा पुर्‍याएको बताइएको छ ।

यसैबीच, संयुक्त अरब इमिरेट्सले पनि आफ्नो क्षेत्रमा इरानबाट क्षेप्यास्त्र तथा ड्रोन आक्रमण भएको जानकारी दिएको छ ।

## इरानी जहाजमा अमेरिकी आक्रमण, ६ जना घाइते, ६ बेपत्ता

**तेहरान–** ओमानको बन्दरगाह सहर खसाब नजिकै छ वटा इरानी कार्गो र माछा मार्ने जहाजमा अमेरिकी लडाकु जेटहरूले गरेको आक्रमणमा कम्तीमा छ जना घाइते भएको र अन्य छ जना बेपत्ता भएको मेहर समाचार एजेन्सीले शनिबार रिपोर्ट गरेको छ ।

जहाजहरू दक्षिणी होर्मोजगन प्रान्तको बन्दर लेंगेह काउन्टीका गाउँलेहरूका थिए, काउन्टी गभर्नर फोड मोरादजादेहलाई उद्धृत गर्दै एजेन्सीले जनाएको छ । मोरादजादेहले घाइतेहरूलाई अस्पतालमा भर्ना गरिएको उल्लेख गर्दै आक्रमणको समयमा जहाजमा २० जना रहेको बताएका छन् । इराना समाचार एजेन्सीले होर्मोजगन तटमा एक अघिल्लो रात भएको अमेरिकी आक्रमणमा कम्तीमा एक जना व्यक्तिको मृत्यु भएको र अन्य १० जना घाइते भएको रिपोर्ट गरेको थियो ।

आक्रमणका कारण मालवाहक जहाजमा आगो लागेको र बाँकी चार जना बेपत्ता भएको इरनाले जनाएको छ । हर्मुजको जलक्षेत्र वरपर बिहीबार र शुक्रबार इरान र संयुक्त राज्य अमेरिकाबीच झडपहरू सुरु भएको जनाइएको छ । बिहीबार राति इरानको मुख्य सैन्य कमाण्ड खतम अल–अन्बिया केन्द्रीय मुख्यालयले अमेरिकी सेनाहरूले दुई इरानी जहाजहरूमा आक्रमण गरेको थियो । इरानी कमाण्डका प्रवक्ता इब्राहिम जोल्फाघारीले इरानी सेनाले हालै हर्मुजको पूर्व र इरानको चाबहार बन्दरगाहको दक्षिणमा अमेरिकी सैन्य जहाजहरूमा आक्रमण गरेर ठूलो क्षति पुर्‍याएको जनाइएको छ ।

अमेरिकी सेन्ट्रल कमाण्डले विज्ञप्ति जारी गर्दै सेनाहरूले अप्रत्याशित इरानी आक्रमण रोकेको र अमेरिकी नौसेनाका जहाजहरू स्ट्रेट अफ हर्मुजहुँदै जाँदा आत्मरक्षाका लागि आक्रमण गरेर जवाफ दिएको जनाइएको छ । *रासस/सिन्ह्वा*


प्रारम्भिक विवरणअनुसार उक्त आक्रमणमा केही व्यक्ति घाइते भएका छन् ।

अमेरिकी रक्षा निकायले भने हर्मुज जलसन्धि क्षेत्रमा अमेरिकी नौसैनिक जहाजमाथि सम्भावित आक्रमण प्रयास रोकिएको र त्यसको जवाफस्वरूप इरानी सैन्य संरचनामा प्रहार गरिएको जनाएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानले अमेरिकी नागरिक वा जहाजलाई धम्की दिए कडा जवाफ दिइने चेतावनी दिए । उनले वार्ताका लागि इरानबाट 'गम्भीर प्रस्ताव' अपेक्षा गरिएको पनि बताएका छन् । यसैबीच, इरानले अमेरिकी कारबाहीलाई युद्धविराम उल्लंघन भएको भन्दै कडा विरोध जनाएको छ । इरानी विदेश मन्त्रालयले अमेरिकाले कूटनीतिक समाधानको सट्टा सैन्य विकल्प रोजेको आरोप लगाएको छ । हाल दुवै पक्षबीच तनावपूर्ण अवस्था कायम रहेको छ र युद्धविरामलाई कायम राख्ने प्रयासहरू भइरहेका भए पनि स्थिति संवेदनशील रहेको बताइएको छ । *रासस/एपी/सिन्ह्वा*

# विश्व तापक्रम वृद्धि तीव्र बन्दै, समुद्री सतह लगातार बढ्दै

**पेरिस–** युरोपेली संघअन्तर्गतको जलवायु निगरानी निकायले शुक्रबार विश्वका महासागरहरूको सतही तापक्रम हालैका दिनहरूमा अत्यन्त उच्चस्तरको नजिक पुगेको चेतावनी दिएको छ । वैज्ञानिकहरूको भनाइअनुसार अहिलेको अवस्था सन् २०२४ मा देखिएको सबैभन्दा तातो समुद्री तापक्रमको रेकर्डभन्दा थोरैमात्र कम छ, र आगामी केही दिन वा हप्ताभित्रै नयाँ कीर्तिमान बन्न सक्ने सम्भावना बलियो बनेको छ ।



युरोपेली मध्यम दूरी मौसम पूर्वानुमान केन्द्रकी जलवायु प्रमुख सामन्था बर्गेसले बताएअनुसार महासागरको सतह निरन्तर तातिँदै गएको छ र यसले विश्व जलवायु प्रणालीमा ठूलो परिवर्तनको संकेत दिइरहेको छ । उनले मे महिनामामात्र पनि समुद्री तापक्रमले नयाँ ऐतिहासिक रेकर्ड तोड्ने सम्भावना उच्च रहेको बताएका छन् ।

युरोपेली संघअन्तर्गतको कोपरनिकस जलवायु परिवर्तन सेवाले अप्रिल महिनामा विश्वभर समुद्री तापक्रम क्रमशः बढ्दै गएको र यो हालसम्म मापन गरिएको दोस्रो सबैभन्दा उच्चस्तरमा पुगेको पुष्टि गरेको छ । विशेषगरी प्रशान्त महासागरदेखि उत्तर अमेरिकासम्म फैलिएको क्षेत्रमा समुद्री तातो लहर अत्यधिकरूपमा बढेको छ, जसले धेरै क्षेत्रमा जलवायु असन्तुलन सिर्जना गरेको छ ।

यसैबीच, विश्व मौसम संगठनले पनि 'एल निनो' अवस्था आगामी मेदेखि जुलाई महिनाभित्र विकसित हुन सक्ने चेतावनी दिएको छ । 'एल निनो' प्रशान्त महासागरको तापक्रम र वायुप्रवाहमा हुने प्राकृतिक परिवर्तन हो, जसले विश्वभर खडेरी, अत्यधिक वर्षा, आँधीबेहरी र अन्य चरम मौसम घटनाहरू बढाउने गर्छ । वैज्ञानिकहरूको अध्ययनअनुसार एल निनोमात्र अहिलेको तापक्रम वृद्धिको कारण होइन, तर मानव गतिविधिबाट उत्सर्जित हरितगृह ग्यासका कारण भइरहेको दीर्घकालीन ग्लोबल वार्मिङसँग मिलेर यसले पृथ्वीको तापक्रम अझ तीव्ररूपमा बढाइरहेको छ । यसकै प्रभावस्वरूप पछिल्लो एल निनो अवधिमा सन् २०२३ र २०२४ क्रमशः अहिलेसम्मकै दोस्रो र सबैभन्दा तातो वर्ष बनेका थिए ।


केही मौसम पूर्वानुमानहरूले आगामी एल निनो अझ शक्तिशाली हुनसक्ने अनुमान गरेका छन्, जसलाई तीन दशकअघिको अत्यन्त शक्तिशाली एल निनोसँग तुलना गर्न सकिन्छ । बर्कले अर्थ अनुसन्धान संस्थाका वैज्ञानिक जेक हाउसप गदरका अनुसार यदि आगामी एल निनो शक्तिशाली भयो भने सन् २०२७ अहिलेसम्मकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना अझ बढ्ने छ ।

सामन्था बर्गेसले स्पष्ट पारेअनुसार अहिले नै यसको शक्ति कति हुने छ भनेर निश्चितरूपमा अनुमान गर्न कठिन छ, किनभने वसन्त ऋतुमा गरिने पूर्वानुमानहरू प्रायः अनिश्चित हुन्छन् । तर उनले जोड दिँदै भने, 'यसको प्रभाव भने विश्वव्यापीरूपमा स्पष्टरूपमा महसुस हुने छ ।' उनका अनुसार एल निनोको चरम प्रभाव प्रायः यसको शिखर वर्षपछि देखिन्छ, जसले गर्दा आगामी वर्षहरूमा तापक्रम अझ बढ्ने सम्भावना रहन्छ ।

कोपरनिकसले मार्च र अप्रिल महिनामा समुद्री तापक्रम निरन्तर बढ्दै जानुले एल निनोतर्फको संक्रमण सुरु भइसकेको संकेत गर्छ । वैज्ञानिकहरूका अनुसार अहिले देखिएको अत्यधिक तापक्रम केवल प्राकृतिक एल निनोका कारणमात्र होइन, तर जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण भइरहेको दीर्घकालीन जलवायु परिवर्तनले पनि प्रमुख भूमिका खेलेको छ ।

अप्रिल महिनामा विश्वको औसत तापक्रम औद्योगिक क्रान्तिभन्दा पहिलेको (सन् १८५० देखि १९००) स्तरभन्दा १.४३ डिग्री सेल्सियस बढी मापन गरिएको थियो । त्यस्तै, आर्कटिक क्षेत्रको समुद्री बरफ पनि लगभग ऐतिहासिक न्यूनस्तरको नजिक पुगेको छ, जसले पृथ्वीको जलवायु प्रणालीमा गहिरो असर देखाइरहेको छ । *रासस/एएफपी*

# हान्टाभाइरस फैलिएको क्रुज जहाजका यात्रु उद्धारको तयारी तीव्र



**जेनेभा–** विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम घेब्रेयेसस शनिबार टेनेरिफ पुगेर हान्टाभाइरस प्रभावित क्रुज जहाजका यात्रुहरूको उद्धार तथा समन्वय कार्यमा सहभागी हुने कार्यक्रम रहेको बताइएको छ ।

डच झण्डावाहक उक्त क्रुज जहाजमा फैलिएको दुर्लभ 'हान्टाभाइरस' संक्रमणका कारण हालसम्म तीन जनाको निधन भएको जनाइएको छ । मृतकमध्ये एक डच दम्पती र एक जर्मन महिला रहेका छन् । जहाजमा करिब १५० जना यात्रु तथा चालकदल सदस्य रहेका छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार हालसम्म आठ शंकास्पदमध्ये छ जनामा संक्रमण पुष्टि भएको छ । संक्रमितहरूमा मानिसबाट मानिसमा सर्न सक्ने 'एण्डिज भाइरस' प्रकार पुष्टि भएपछि अन्तर्राष्ट्रियस्तरमा चासो बढेको छ । विश्व स्वास्थ्य संगठनका प्रवक्ता क्रिस्टियन लिण्डमेयरले सर्वसाधारणका लागि जोखिम अत्यन्त न्यून रहेको बताए । उनका अनुसार भाइरस सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने खालको छैन ।

उक्त जहाज आज (आइतबार) क्यानरी टापुअन्तर्गतको टेनेरिफ नजिक पुग्ने अपेक्षा गरिएको छ । स्पेनी अधिकारीहरूले जहाजलाई बन्दरगाहमा प्रत्यक्ष रोक्न नदिई यात्रुहरूलाई साना डुंगामार्फत किनारमा ल्याएर विमानस्थलसम्म पुर्‍याउने तयारी गरेका छन् । डच विमान सेवाको उडानमा संक्रमित यात्रुसँग सम्पर्कमा आएकी एक विमान परिचारिकाको परीक्षण नतिजा नकारात्मक आएको विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

जहाजले अर्जेन्टिनाको उशुआइयाबाट अप्रिल १ मा यात्रा सुरु गरेको थियो । यात्रुहरूले हाल मास्क प्रयोग गर्दै आवश्यक दूरी कायम गरिरहेको बताइएको छ । बेलायत र अमेरिकाले आफ्ना नागरिकलाई स्वदेश फर्काउन विशेष उडानको तयारी गरिरहेका छन् । *रासस/एएफपी*

# इण्डोनेसियामा ज्वालामुखी विष्फोट, तीन जनाको मृत्यु

**इण्डोनेसिया–** इण्डोनेशियाको माउन्ट डुकोनो ज्वालामुखी शुक्रबार विष्फोटमा हुँदा तीन जना पर्वत आरोहिहरूको मृत्यु भएको जनाइएको छ । मृत्यु हुनेहरूमा दुई जना सिंगापुरका नागरिक र एक जना स्थानीय रहेको जनाइएको छ । उनीहरूको शव 'नो-गो जोन' मा फेला परेको अधिकारीहरूले बताएका छन् ।



हलमहेरा टापुमा भएको उक्त विष्फोटले लगभग १० किलोमिटर वरपरको हावामा खरानी तथा तुवालोको प्रभाव रहेको उनले बताएका छन् । विष्फोट हुँदा उक्त स्थानमा २० जना पर्वतारोही रहेको उत्तरी हलमहेराका प्रहरी प्रमुख एर्लिक्सन पासारिबुले पत्रकारहरूलाई बताएका छन् । उनीहरूमध्ये नौ जना सिंगापुर र बाँकी इण्डोनेसियाका रहेको उल्लेख गरेका छन् ।

स्थानीय उद्धार एजेन्सीका प्रमुख इवान रामदानीका अनुसार विष्फोटको समयमा बेपत्ता भएका शुक्रबारसम्म १७ जना पर्वतारोहीमध्ये सात जना जीवित फेला परेका छन् । मृतकहरूको शव अझै पनि घटनास्थलमा रहेको बताइएको छ । जारी विष्फोटका कारण, स्थिति अझै असुरक्षित रहेकाले उद्धार टोलीले अझै पनि खोजी कार्य सुरु गर्न सही समयको प्रतीक्षामा रहेको उनले बताएका छन् ।

विष्फोटका कारण केही पर्वतारोहीलाई चोट लागेकाले उपचारका लागि अस्पताल लगिएको जनाइएको छ । यसअघि सन् २०२४ डिसेम्बर देखि सेन्टर फर भोल्कानोलोजी एण्ड जियोलोजिकल हजार्ड मिटिगेसन (पिभिएमबिजी) ले वैज्ञानिकहरूले भूकम्पीय गतिविधिमा वृद्धि भएको भन्दै पर्यटक तथा पर्वतारोहीहरूलाई ज्वालामुखीको मालुपाङ वारिराङ क्यार्टरको चार किलोमिटर वरपर नआउन चेतावनी दिएको थियो ।

सरकारी भूविज्ञान विभागका प्रमुख लाना सारियाले शुक्रबारको विष्फोटपछि चर्को आवाज र माउण्ट डुकोनोको शिखरबाट १० किलोमिटर माथि उठेको खरानी र बाक्लो धुवाँ रहेको बताएका छन् । विष्फोटको खरानी उत्तरतर्फ बढी गएकाले यस क्षेत्रमा उच्च सतर्कता अवलम्बन गर्न आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ ।

ज्वालामुखीको लगभग नौ किलोमिटरको क्षेत्रभित्र कुनै पनि बस्तीहरू नरहेको बताइएको छ । इण्डोनेसिया एक विशाल द्वीपसमूहको राष्ट्र हो यसका भौगोलिक स्थितिको कारण बारम्बार भूकम्पीय र ज्वालामुखी गतिविधिको सामना गर्ने गर्छ ।

प्रकोपको पुनरावृत्तिबाट बच्न पैदलयात्रीहरूलाई टाढा रहन आग्रह गरिएको छ । यो घटनापछि पदयात्रीहरूले जान सक्ने चौकी तथा शिविरहरूको कडाइका साथ निगरानी गरिएको र स्थिति सहज नहुँदासम्म यात्रा अनुमति नदिने बताएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९९९०० | प्रति तोला – ० | प्रति तोला – ५२७५ |



**हुरीले मकै सोत्तर...** | दुई दिनअघि आएको हावाहुरी र वर्षाले क्षति पुऱ्याएको सुनसरीको इनरुवा नगरपालिका-९ स्थित किसानको मकै बाली। *तस्बिर : नवीन गड्तौला/रासस*

## रसुवा भन्सारमा सामान जाँचपास सुरु

**रसुवा–** अधिकतम खुद्रा मूल्य (एमआरपी) स्टिकर नलागेका कारण रोकिएको भन्सार जाँचपास पुनःसञ्चालन भएको छ। अनिवार्य रूपमा एमआरपी हास्नुपर्ने नीति तत्काल कार्यान्वयन हुन नसकेपछि पैठारीकर्ताले आफ्नो गोदाम पुऱ्याएपछि स्टिकर टाँसेर मात्र बिक्री गर्ने प्रतिबद्धता जनाएसँगै भन्सार जाँचपास हुन थालेको हो।

गत असार २४ गते गोसाइँकुण्ड गाउँपालिका-२ टिमुरेस्थित ल्हेन्देखोलामा आएको बाढीपछि लामो समयसम्म प्रभावित बनेको रसुवा भन्सार कार्यालय मितेरी पुल निर्माण पश्चात् गत पुस १७ गतेदेखि पुनःसक्रिय रूपमा सञ्चालन हुँदै आएको थियो। करिब पाँच महिनापछि मालसामान आयात गर्दा अनिवार्य एमआरपी टाँस्नुपर्ने नियम कार्यान्वयनमा आएसँगै जाँचपास रोकिएको थियो।

हाल पैठारीकर्ताले आयात गरिएका सामान गोदाममा पुऱ्याएपछि एमआरपी स्टिकर टाँस गर्ने सहमति पश्चात् भन्सार प्रक्रिया नियमित रूपमा सुरु भएको रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले जानकारी दिए। उनका अनुसार जाँचपास पुनः सञ्चालन भएसँगै राजस्व संकलन वृद्धि हुन थालेको छ। भन्सार कार्यालयका अनुसार दैनिक उपभोग्य सामग्रीको जाँचपास सुरु भएको पहिलो दिन बिहीबार करिब रु चार करोड ५० लाख राजस्व संकलन भएको छ भने शुक्रबार थप रु दुई करोड राजस्व संकलन भएको हो। दुई दिनमा करिब रु छ करोड ५० लाखभन्दा बढी राजस्व संकलन भएको प्रमुख भन्सार अधिकृत भट्टराईले जानकारी दिए।

उपभोक्ताको हित संरक्षणका लागि आयातित वस्तुमा अनिवार्य रूपमा एमआरपी (अधिकतम खुद्रा मूल्य) को स्टिकर टाँस्नुपर्ने व्यवस्था यही वैशाख १५ गतेदेखि भन्सार कार्यालयले कार्यान्वयनमा ल्याएको उनले बताए। उक्त व्यवस्था तत्काल कार्यान्वयनमा समस्या देखिएपछि सरकारले सहजता ल्याउनका लागि सरोकार भएका निकायलाई निर्देशन दिएको थियो। सोही निर्देशनपछि आयातकर्ताले आयात गरिएका सामान गोदाममा पुऱ्याएपछि एमआरपी स्टिकर टाँसेर मात्र बिक्री गर्ने सर्तमा भन्सार जाँचपास पुनः सुरु गरिएको प्रमुख भन्सार अधिकृत भट्टराईले बताए।



### कन्टेनर जाँच पास तीव्र

सुरक्षा निकायका अनुसार पहिलो दिन ३२ वटा र दोस्रो दिन ४१ वटा गरी ७३ मालवाहक कन्टेनर जाँच पास भई गन्तव्यतर्फ पठाइएको छ। तीमध्ये ३७ वटा कन्टेनरले नेपाली बजारका लागि चिनियाँ स्याउ आयात गरेका छन्।

ती कन्टेनरलाई राजधानी काठमाडौँ पठाइ सकिएको भन्सार कार्यालयका सूचना अधिकारी ठाकुर गौतमले जानकारी दिए। उनका अनुसार हाल १५० भन्दा बढी कन्टेनर भन्सार हाताभित्र छन्। आयातकर्ताले परिमाण घोषणा गरेपछि जाँचपास प्रक्रिया तीव्रताका साथ अघि बढाइएको उनले बताए।

### बाढीको असर अझै बाँकी

गत वर्ष असार २४ गते ल्हेन्देखोलामा आएको बाढीले रसुवागढी-टिमुरे क्षेत्रको भन्सार यार्ड (वैदेशिक व्यापारका क्रममा आयात वा निर्यात गरिने मालसामान भन्सार जाँचपास नहुन्जेलसम्म सुरक्षित रूपमा राखिने क्षेत्र), सुक्खा बन्दरगाह र भौतिक संरचनामा क्षति पुऱ्याएको थियो। बाढीले बनाएको बगर र अवरोध पूर्णरूपमा हट्न नसक्दा भन्सार जाँचमा कठिनाइ कायम रहेको भन्सार अधिकारीले बताएका छन्।

भन्सार यार्डभित्र रहेका साना प्रिफ्याब (इँट्टा र बालुवाको परम्परागत प्रयोग नगरी कारखानामा पहिले तयार पारिएका प्यानल, ट्रस्ट र पार्टपूर्जा जोडेर बनाइने) भवनको भुइँ सतह नमिलेकाले आयातित सामग्री बगरमा झारेर मूल्यांकन गर्नुपर्ने बाध्यता रहेको भन्सार जाँचका खटिने कर्मचारीको भनाइ छ। उहाँहरूले मर्मत तथा पुनःसंरचना कार्य पुनरावलोकन गर्न सरोकार भएका निकायलाई आग्रह गरेका छन्।

### सुक्खा बन्दरगाह अझै व्यवस्थित छैन

टिमुरे सुक्खा बन्दरगाहको सफाइ आंशिक भए पनि पूर्ण रूपमा सञ्चालन योग्य बन्न सकेको छैन। बन्दरगाह सञ्चालन तथा मर्मतको जिम्मेवारी पाएको नेपाल इन्टरमोडल प्रालिले पर्याप्त सफाइ गर्न नसक्दा केरूङबाट आएका कन्टेनर व्यवस्थापनमा समस्या भइरहेको भन्सार कार्यालयका सूचना अधिकारी गौतमले जानकारी दिए।

नेपाल इन्टरमोडलका इञ्जिनियर शोभाकान्त राउतका अनुसार बाढीले पुऱ्याएको क्षति पूर्णरूपमा हटाउन नसकिए पनि केही सहजता ल्याउने काम गरिएको छ। बाढीबाट क्षति नभएर बाँकी रहेका संरचना यथावत् राख्न निर्माण कम्पनी चिनियाँ तिब्बत फुल्लीले सहमति दिनुपर्ने भएकाले प्रिफ्याब संरचनामा परिवर्तन गर्न नसकिएको उनले बताए। राउतका अनुसार बन्दरगाह प्रवेश तथा प्रस्थान मार्ग सुधार, बगर हटाउनेलगायत काममा करिब रु २० लाख खर्च गरी अस्थायी व्यवस्थापन गरिएको छ।

### बाढीको इतिहासः ठूलो क्षति

'रसुवामा हिमाली भेगबाट आउने आकस्मिक बाढी नयाँ विषय भने होइन। अघिल्ला वर्षहरूमा पनि भोटेकोशी तथा सहायक खोलामा आएका बाढीले नाका र व्यापारिक संरचना प्रभावित बनाउँदै आएको इतिहास छ। तर गत असारमा ल्हेन्देखोलाबाट आएको बाढी पछिल्ला वर्षकै सबैभन्दा विनाशकारी मानिएको छ', भन्सार कार्यालयका सूचना अधिकारी गौतमले भने। जिल्ला विपद् व्यवस्थापन समितिसँग भएको तथ्यांकअनुसार उक्त बाढीले भन्सार यार्डमा मात्रै रु ९१ करोड २० लाख ९४ हजार २५९ बराबरको क्षति पुऱ्याएको रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले जानकारी दिए।

### व्यापार पुनः चलायमान हुने अपेक्षा

यसैबीच, भन्सार जाँच पास सुस भएसँगै नेपाल-चीन व्यापार पुनः चलायमान हुने, स्थानीय बजारमा उपभोग्य वस्तुको आपूर्ति सहज बन्ने तथा सरकारी राजस्व वृद्धि हुने अपेक्षा गरिएको सहायक प्रमुख जिल्ला अधिकारी अधिकारीले बताए। यहाँस्थित यार्डलाई सहज र व्यवस्थित बनाउन पहल भइरहेको उनले उल्लेख गरे। गत असार २४ गतेको बाढीले अवरोध गरेको भन्सार यार्डको दीर्घकालीन समाधानका लागि पूर्वाधारको पुनःनिर्माण आवश्यक रहेको सरोकार भएका निकायका प्रतिनिधिले बताउँदै आएका छन्। *रासस*

## बजेटका लागि सुझाव संकलन पोर्टल सञ्चालन

■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रक्रियामा आमनागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको छ।

आगामी सोमबार सार्वजनिक हुने नीति तथा कार्यक्रममा जनताका वास्तविक आवश्यकता र मौलिक अपेक्षालाई समेट्दै शासन व्यवस्थालाई थप पारदर्शी र जनमुखी बनाउने उद्देश्यले यो डिजिटल प्लेटफर्मको सुरुआत गरिएको हो।

यस पोर्टलका माध्यमबाट देशविदेशमा रहेका सम्पूर्ण नेपाली नागरिक, विषयविज्ञ र नीतिनिर्माताले बजेट निर्माण र विकासका प्राथमिकताका सम्बन्धमा आफ्ना महत्वपूर्ण रायसुझाव सिधै सरकारसमक्ष पेस गर्न सक्नेछन्।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारको नीतिनिर्माण प्रक्रियालाई प्रशासनिक घेरामा मात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीको मुख्य योजनाअनुरूप यो कदम चालिएको हो।

दाहालले यो पोर्टलले नागरिक र राज्यबीचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने र प्राप्त भएका सुझावलाई प्रशासनिक तहमा गम्भीरतापूर्वक समीक्षा गरी नीतिगत रूपमै कार्यान्वयनमा लगिने स्पष्ट पारेका छन्। जनताले पोर्टलमा दिएका आफ्ना सुझावको पछिल्लो अवस्था र सरकारले चालेको कदमका बारेमा जानकारी लिन सकिने गरी 'सुझाव ट्र्याक' गर्ने विशेष सुविधा यस प्रणालीमा समावेश गरिएको छ।

सरकारले यस महत्वपूर्ण डिजिटल पहलमा सक्रियताका साथ सहभागी भई 'समृद्ध नेपाल' निर्माणको महाभियानमा रचनात्मक योगदान पुऱ्याउन सम्पूर्ण नेपालीमा हार्दिक अनुरोध गरेको छ। नागरिकले मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक वेबसाइटमार्फत यो पोर्टल प्रयोग गरी आफ्ना रायसुझाव सिधै प्रधानमन्त्रीको सचिवालयसम्म पुऱ्याउन सक्नेछन्।

## मुलुकको ऊर्जा जडित क्षमता चार हजार २९६ मेगावाट

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको कूल ऊर्जा जडित क्षमता चार हजार २९६ मेगावाट पुगेको छ। नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रका ऊर्जा उत्पादकहरूद्वारा उत्पादित विद्युत्का आधारमा उक्त क्षमता निर्धारण भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादितबाहेक चार हजार २९६ मेगावाट क्षमता निर्धारण भएको हो। चालु आर्थिक वर्षको अन्त्यसम्म कूल जडित क्षमता चार हजार ५०० मेगावाटभन्दा माथि पुग्ने मन्त्रालयले प्रक्षेपण गरेको छ। हाल निर्माणको क्रममा तीन हजार मेगावाट क्षमताका आयोजना छन् भने निर्माणमा जान तयारी अवस्थामा रहेका आयोजनाको क्षमता पनि समान रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म ६६ केभीभन्दा माथिका करिब सात हजार ३६० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। यस्तै, १४ हजार तीन सय २३ एमभिए क्षमताको सवस्टेसन निर्माण सम्पन्न भएको मन्त्रालयले उल्लेख गरेको छ भने ३३ केभी क्षमताका करिब आठ हजार २२५ सर्किट किलोमिटर प्रसारण लाइन तथा तीन हजार ३०८ एमभिए क्षमताको सबस्टेसन निर्माण भएका छन्।

सरकारको पहल र सक्रियता, नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको विशेष अभियानका कारण देशभरको विद्युत् चुहावट १२ दशमलव पाँच प्रतिशतमा सिमित भएको प्राधिकरणले जनाएको छ। प्राविधिक चुहावटलाई क्रमशः घटाउँदै लैजाने लक्ष्य राखिएको छ। सवस्टेसनको क्षमता विस्तार, प्रसारण लाइनको स्तरोन्नति तथा प्राविधिक उपाय अवलम्बन गर्दै चुहावट क्रमशः घटाइने मन्त्रालयले स्पष्ट पारेको छ।

यसैगरी प्रतिव्यक्ति विद्युत् खपत ४५० किलोवाट घण्टा बराबर पुगेको छ। हालसम्म राष्ट्रिय विद्युत् प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युत्मा पहुँचमा पहुँच प्राप्त जनसङ्ख्या ९९ प्रतिशत बराबर पुगेको छ। हालसम्म विद्युत् निर्यात दुई हजार ९१८ गिगावाट प्रतिघण्टा छ भने विद्युत् आयात करिब ५९० गिगावाट घण्टा भएको छ।

हालसम्म सौर्य विद्युत् उत्पादन क्षमता ६२ दशमलव सात मेगावाट बराबर पुगेको छ। लघु तथा साना जलविद्युत् आयोजनाबाट ५५ दशमलव तीन मेगावाट बराबर विद्युत् उत्पादन भएको छ।

सिँचाइतर्फ हालसम्म सिँचाइ सुविधा १५ लाख ८७ हजार ९१० हेक्टर जमिनमा पुगेको मन्त्रालयले जनाएको छ। सिँचाइयोग्य जमिनमध्ये पाँच लाख ३२ हजार ९० हेक्टरमा भने वर्षभरीमा सिँचाइ सुविधा उपलब्ध रहेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय विवरणमा उल्लेख छ।

## सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह'

■ प्रभाव संवाददाता

**काठमाडौं –** बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले सोमबारदेखि देशभर विशेष अभियान सञ्चालन गर्ने भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागिएको हो।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दिपा दाहालले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको बताइन्। सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुंगा सावित हुने विश्वास लिइएको बताइन्।

प्रेसविज्ञ दाहालले सबै सरोकार भएका निकाय, नागरिक समाज र सञ्चारकर्मीलाई यस अभियानमा सहयोग र बजारमा हुने अनियमितताको खबरदारी गर्नसमेत आग्रह गरिन्। यो विशेष अभियान सोमबारदेखि सुरु भई जेठ ३ गतेसम्म सञ्चालन हुनेछ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ। अभियान कार्यान्वयनका लागि गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री कार्यालय र स्थानीय तहलाई निर्देशन दिइसकिएको प्रधानमन्त्रीका प्रेसविज्ञ दाहालले जानकारी दिइन्।

> **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ।**

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरूलाई अनिवार्य रूपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन्।

यस्तै, जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ।

केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्यांकन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउनेछन्। बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुँदा र उपभोक्ताहरूले वास्तविक मूल्य थाहा नपाउँदा ठगिनेक्रम बढेको विषयमा गुनासा बढेपछि सरकारले अभियान सञ्चालन गर्न लागेको हो।

बजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिता ल्याउन, व्यापारी र सेवा प्रदायकलाई जवाफदेही बनाउन, अनिवार्य मूल्यसूचीको व्यवस्था लागू गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न यो अभियान सुरु गर्न लागिएको जनाइएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ